का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ जेठ २०७९,
सोमबार
16 May 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्नु

वर्ष २०, अंक १०० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

प्रारम्भिक परिणाम

# ठूला शहरमा एमालेलाई धक्का



भक्तपुर नगरपालिका-३ मा नेपाल मजदुर किसान पार्टीको वडाध्यक्ष राजकृष्ण गोराको प्यानलले नै जितेपछि विजय उत्सव मनाउँदै । तस्वीर: लक्ष्मी गारु, रासस

काठमाडौंसहित ६ वटा महानगरपालिकाको मतगणनाको प्रारम्भिक नतिजामा सबैभन्दा ठूलो दल नेकपा एमालेका उम्मेदवार दोस्रो झरेको छ । यही स्थिति अन्तिमसम्म रहे एमालेले आगामी पाँच बर्ष महानगरको नेतृत्व गर्ने अवसर गुमाउनेछ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ जेठ ।

स्थानीय तहको चुनाव अर्न्तगत देशभरका पालिकाहरुमा मतगणना जारी छ । त्यस मध्ये ६ महानगरपालिकामा धेरैको ध्यान गएको छ । ६ वटै महानगरपालिकाको मतगणनाको प्रारम्भिक नतिजामा सबैभन्दा ठूलो दल नेकपा एमालेका उम्मेदवार दोस्रो स्थानमा छन् । काठमाडौं महानगरका मेयरका स्वतन्त्र उम्मेदवार वालेन्द्र साहले नेतृत्व गरेका छन भने बाँकी मध्ये ५ वटा महानगरमा पाँच दलीय सत्तारुढ दलका उम्मेदवारले अग्रता लिइरहेका छन् ।

महानगरपालिकामा कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाबीच गठबन्धन छ। भरतपुर, पोखरा, ललितपुर, विराटनगर र वीरगंज महानगरपालिकामा गठबन्धनका उम्मेदवारले अग्रता लिइरहेका छन् ।

नेकपा एमालेका उम्मेदवार भने ६ वटै महानगरपालिकामा दोस्रो स्थानमा छ । प्रारम्भिक परिणामकै स्थिति अन्तिमसम्म कायम रहे एमालेले आगामी पाँच बर्ष महानगरको नेतृत्व गर्ने अवसर गुमाउनेछ । तर, महानगरको उपप्रमुखको हकमा भने एमालेले काठमाडौं, ललितपुर र विराटनगरमा अग्रता लिइरहेको छ ।

काठमाडौं महानगरको मेयरमा बालेन साहले अग्रता लिएका छन् भने एमालेका केशव स्थापितले पछ्याइरहेका छन् । नेपाली कांग्रेसकी सिर्जना सिंह तेस्रो स्थानमा छिन् ।

काठमाडौंको उपप्रमुखमा भने एमालेले अग्रता लिइरहेको छ । एमालेकी सुनिता डंगोलले सत्ता गठबन्धनबाट

– बाँकी पृष्ठ २ मा

## ‘स्थानीय चुनावमा धाँधली’

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ जेठ ।



एमालेको टिप्पणी

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सत्तागठबन्धनले चुनावमा धाँधली गरेको टिप्पणी गरेको छ । आईतबार एक विज्ञप्ती जारी गर्दै एमालेलाई हराउन सत्तागठबन्धनले योजनाबद्ध धाँधली गरेको आरोप लगाएको हो । एमालेका महासचिव शंखर पोखरेलले विज्ञप्ती जारी गर्दै चुनावमा भइरहेको योजनाबद्ध धाँधलीलाई तत्काल रोक्न माग गरेका छन् ।

निर्वाचन परिणाम आफ्नो पक्षमा पार्न सत्ता गठबन्धनले दोलखाको बैतेश्वर

– बाँकी पृष्ठ २ मा

# सुस्त परिणाम

मतगणना सुस्त भएको भनेर आलोचना हुन थालेको छ ।

**एमालेले प्रमुख जितेका पालिका**
मनाङको मनाङ ङिस्याङ र चामे
मुस्ताङको घेकर दामोदरकुण्ड, वारागुङ मुक्तिक्षेत्र र लोमान्थाङ थासाङ
डोल्पाको शे-फोक्सुण्डो
सोलोखुम्बुको खुम्बु पासाङल्हामु
बझाङको साइपाल
नवलपुरको बौदीकाली
बझाङको थलारा गाउँपालिका
म्याग्दीको मालिका
तेह्रथुमको मेन्छ्यायेम
स्याङ्जा हरिनास गाउँपालिका
दार्चुलाको महाकाली
डोटीको बडीकेदार
हुम्लाको खार्पुनाथ
बाग्लुङको तमानखोला
सोलुखुम्बुको लिखुपिके
बाजुराको स्वामीकार्तिक खापर

**कांग्रेसले प्रमुख जितेका पालिका**
मनाङको नार्पाभूमि, नासो
मुस्ताङको घरपोझङ
गुल्मीको रेसुङ्गा, गन्यापधुरा र गुल्मीदरबार

**माओवादी केन्द्रले प्रमुख जितेका पालिका**
डोल्पाको जगदुल्ला
दैलेखको नौमुले
बाग्लुङको ताराखोला
उदयपुरको लिम्चुङबुङ
रोल्पाको थवाङ
खोटाङको जन्तेढुंगा
दार्चुलाको नौगाड र अपीहिमाल
हुम्लाको ताजाकोट

**एकीकृत समाजवादीले प्रमुख जितेका पालिका**
डोल्पाको छार्का साङतोङ र काइके

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १ जेठ ।

गत वैशाख ३० गते निर्वाचन भएका स्थानीय तहमध्ये आइतबार साँझसम्म ४३ वटा स्थानीय तहको अन्तिम परिणाम सार्वजनिक भएको छ। मतदान सम्पन्न भएको तेस्रो दिनसम्म जम्मा ४३ वटा स्थानीय तहको परिणाम आएको छ । मतगणना सुस्त भएको भनेर आलोचना समेत हुन थालेको छ ।

निर्वाचन आयोगका अनुसार मत गणना सकिएका ४३ वटा पालिकामध्ये १५ वटा पालिका प्रमुखमा एमालेका उम्मेदवार विजयी भएका छन् ।

कांग्रेसका १३ र माओवादी केन्द्रका १३ जना पालिका प्रमुखमा विजयी भएका छन् । नेकपा एकीकृत समाजवादीका २ जनाले पालिका प्रमुख जितेका छन् ।

एमालेका तर्फबाट मनाङको मनाङ ङिस्याङ गाउँपालिका: अध्यक्ष, कान्छा घले निर्वाचित भएका छन् । एमालेबाटै मनाङकै चामे गाउँपालिका: अध्यक्ष, लोकेन्द्रबहादुर घले विजयी भए । मुस्ताङको घेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष, लोप्साङ छोम्पेल विष्ट, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष, रिङजिन नामगेल गुरुङ र लोमान्थाङ गाउँपालिका: अध्यक्षमा निर्वाचित टसी न्वर्वु गुरुङ एमालेका हुन् ।

डोल्पाको शे-फोक्सुण्डो गाउँपालिकामा निर्वाचित अध्यक्ष, धावा सम्डुङ गुरुङ, सोलोखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका: अध्यक्षमा विजयी मिङ्मा छिरी शेर्पा, बझाङको साइपाल गाउँपालिकामा निर्वाचित अध्यक्ष, मानबहादुर बोहोरा पनि एमालेकै हुन् ।

एमालेबाटै निर्वाचित पालिका प्रमुखहरुमा नवलपुरको बौदीकाली गाउँपालिका अध्यक्ष, प्रकाश ओझा, बझाङको थलारा गाउँपालिका अध्यक्ष, प्रकाश रोकाया, मुस्ताङको थासाङ गाउँपालिका अध्यक्ष, प्रदीप गौचन, म्याग्दीको मालिका गाउँपालिका अध्यक्ष, वेगप्रसाद गर्वुजा, तेह्रथुमको मेन्छ्यायेम गाउँपालिका अध्यक्ष, यादवबहादुर खापुङ, हरिनास गाउँपालिका स्याङ्जाको अध्यक्ष खिमनारायण मानन्धर र दार्चुलाको महाकाली नगरपालिकाको मेयर नरसिंह चैसिर रहेका छन् ।

यसैगरी ४३ पालिकामध्ये कांग्रेसले १३ पालिका प्रमुख जितेको छ । जसमा मनाङको नार्पाभूमि गाउँपालिका अध्यक्ष कोन्जो तेन्जिङ लामा, मनाङकै नासो गाउँपालिका अध्यक्ष, धनबहादुर गुरुङ, मुस्ताङको घरपोझङ गाउँपालिका अध्यक्ष, मोहनसिंह लालचन रहेका छन् ।

गुल्मीको रेसुङ्गा नगरपालिकामको मेयर खिलध्वज पन्थी, गन्यापधुरा गाउँपालिका अध्यक्ष, इन्द्रबहादुर कार्की, गुल्मीको गुल्मीदरबार गाउँपालिका अध्यक्ष, सरोजकुमार थापा, डोटीको बडीकेदार गाउँपालिका अध्यक्ष, भैरवबहादुर साउद, हुम्लाको खार्पुनाथ गाउँपालिका अध्यक्ष, कर्णबहादुर रावल पनि कांग्रेसबाटै निर्वाचित पालिका प्रमुखहरु हुन् ।

बाग्लुङको तमानखोला गाउँपालिका अध्यक्ष, जोकलाल बुढा, सोलुखुम्बुको लिखुपिके गाउँपालिका अध्यक्ष मीनादेवी कार्की र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका अध्यक्ष भरतबहादुर रोकाया कांग्रेसकै तर्फबट निर्वाचित भए ।

यसैगरी माओवादी केन्द्रले पनि १३ पालिका प्रमुख जितेको छ । जस अन्तर्गत डोल्पाको जगदुल्ला गाउँपालिका अध्यक्ष, नारसिङ रोकाय,

– बाँकी पृष्ठ २ मा

# तीन व्यवसायी प्रतिस्पर्धामै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ जेठ

वैदेशिक रोजगार पृष्ठभूमि भएका मेयरका तीन उम्मेदवारमध्ये दुईले अग्रता लिएका छन् भने अर्का निकटतम प्रतिस्पर्धीका रूपमा देखिएका छन् । वैदेशिक रोजगार पृष्ठभूमिका भई नेपाली कांग्रेसको तर्फबाट पाल्पाको रामपुर नगरपालिकाको मेयर पदका उम्मेदवार रमण बहादुर थापाले अग्रता लिइरहेका छन् ।

त्यस्तै इलामको सुर्योदय नगरपालिकाको मेयर पदका उम्मेदवार नेकपा एकीकृत समाजवादी पार्टीको तर्फबाट रनबहादुर राईले अग्रता लिएका छन् । राई यसअघि पनि सुर्योदय नगरपालिकाका मेयर हुन् ।

यता नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका संस्थापक अध्यक्ष सरोज कुमार पोखरेल सुनसरीको इनरूवा नगरपालिकाको मेयर पदमा निकटतम प्रतिस्पर्धाको रुपमा दोश्रो स्थानमा छन् ।



रामपुरमा २ हजार ८ सय बढी मतसहित अग्रस्थानमा रहेका थापा उक्त नगरपालिकाका निवर्तमान मेयर हुन् । गत निर्वाचनमा उनले ८ हजार ८ सय ८५ मत ल्याएर ७ हजार ६ सय ७६ मत ल्याएका एमालेका राजु प्रसाद श्रेष्ठलाई हराएका थिए । रामपुरमा २३ हजार ९ सय ५९ मतदाता रहेका छन् ।

इलामको सुर्योदय नगरपालिकामा एकीकृत समाजवादीका राईले १२ सय बढी मत ल्याएर अग्रस्थानमा रहेका छन् । उनलाई नेकपा एमालेका काजीमान कागतेले ८ सय बढी मत ल्याएर पछ्याइरहेका छन् ।

इनरूवा नगरपालिकामा नेपाली कांग्रेसका केदार भण्डारीले एक हजार २ सय बढी मतसहित पहिलो स्थानमा रहँदा पोखरेल ७ सय बढी मतसहित दोश्रो स्थानमा छन् । त्यहाँ गत निर्वाचनमा ९ हजार ८ सय १३ मत ल्याएका एमालेका पोष्ट कुमार नेपाल १० हजार ९ सय ८७ मत ल्याएका नेपाली कांग्रेसका राजन मेहतासँग पराजित भएका थिए । इनरूवामा ४२ हजार ७ सय ४८ मतदाता रहेका छन् ।

वैदेशिक रोजगार विशेष

## मतदाताले साथ नदिंदा पुन: वैदेशिक रोजगार तिरै

**काठमाडौं/मस–** निर्वाचन जितेर जनप्रतिनिधिको रूपमा सेवा गर्ने र वैदेशिक रोजगारलाई सधैंको लागि बिट मार्ने सपना सजाएका ताप्लेजुङ फुङलिङ नगरपालिका-११ फावाखोलाका हेम्बु इजमलाई स्थानीय निर्वाचनमा मतदाताले साथ नदिँदा पुन: वैदेशिक रोजगारीमा फर्किनु पर्ने बाध्यता आइलागेको छ ।

चार वर्षअघि कामदार भिसामा दक्षिण कोरिया पुगेका ताप्लेजुङ फुङलिङ नगरपालिका-११ फावाखोलाका हेम कुमार लिम्बू अर्थात हेम्बु इजम ५७ दिनको छुट्टी लिएर स्थानीय तहको चुनावमा मेयरमा उठ्न स्वदेश फर्किएका थिए । दक्षिण कोरियामा मासिक दुई लाख पचास हजार बराबर आम्दानी गर्ने भएपनि त्यसमा सन्तुष्टि पाउन नसकेका उनलाई फुङलिङ नगर प्रमुख पदमा विजयी भएर केही गर्ने आकांक्षा थियो ।

– बाँकी पृष्ठ २ मा

# तेस्रो शक्तिमै सीमित माओवादी केन्द्र

नेकपा एमालेबाट अलग भएर नेपाली कांग्रेस नेतृत्वको गठबन्धनमा पुगेको नेकपा माओवादी केन्द्र स्थानीय तहको प्रारम्भिक नतिजा हेर्दा भने फेरि पनि तेस्रो शक्ति नै बन्ने निश्चित छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ जेठ ।



स्थानीय चुनावको प्रारम्भिक नतिजाले नेकपा एमालेलाई दोस्रो शक्तिमा झारेको छ। ०७४ को चुनावपछि एमाले मुलुकको पहिलो राजनीतिक शक्ति बनेको थियो । ७५३ मध्ये झण्डै तीन सय स्थान जितेर एमाले पहिलो दल बन्दा प्रदेश तथा प्रतिनिधिसभामा पनि पहिलो दल बनेको थियो । प्रतिनिधिसभाको २७५ मध्ये एमालेकै १२१ सिट थियो भने सात मध्ये ६ प्रदेशमा पहिलो शक्ति बनेको थियो ।

तर नेकपा एमाले विभाजनसँगै गएको वर्ष संघदेखि प्रदेशसम्म प्रतिपक्षी दल बन्न पुग्यो । अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीबाट हटे लगत्तै प्रदेश सरकारहरु परिवर्तन भए । प्रदेश-१, बागमती, गण्डकी र लुम्बिनी सरकारबाट एमाले नेताहरु बाहिरिए । कर्णाली र सूदुरपश्चिम प्रदेशको सरकारबाट बाहिरिए । मधेश प्रदेशमा पहिल्यैबाट विपक्षी दल थियो ।

एमालेको अवनति यात्रा गएको ३० वैशाखको चुनावले झनै अगाडि बढायो । प्रारम्भिक नतिजाले एमालेलाई कांग्रेसले ठूलो अन्तरले पछाडि पारेको छ। संघीय सरकारबाट संघीय सरकारको नेतृत्व लिन थालेको कांग्रेसले सबैतिर सत्तारुढ दल हो । स्थानीय चुनावले पनि अब मुलुकको नेतृत्वदायी शक्ति कांग्रेस बनेको छ ।

तर नेकपा माओवादी केन्द्र भने आफ्नो हैसियतमै कायम रहेको छ। ०७० को चुनावदेखि तेस्रो दल बन्न थालेको माओवादी केन्द्र यो चुनावबाट पनि तेस्रो शक्ति बन्ने देखिएको छ। दोस्रो स्थानमा रहेको एमाले भन्दा झण्डै सय स्थानले माओवादी केन्द्र पछाडि परेको छ । जबकी यो अवधिमा माओवादी केन्द्रले कांग्रेससँग दुई पटक र एमालेसँग एकपटक गठबन्धन गरेको छ । २०७५ मा एमालेसँग पार्टी एकता नै गरेको थियो । तर एकता प्रक्रिया भंग भएपछि फेरि माओवादी केन्द्र अस्तित्वमा आएको छ । परिणाम भने फेरि पनि उही कायम भएको छ ।

माओवादी केन्द्रका नेताहरुले भने स्थानीय चुनावपछि दोस्रो शक्ति बन्ने दावी गर्दै आएका थिए । एमालेलाई पराजित गरी कांग्रेसपछि दोस्रो शक्ति बन्ने माओवादी केन्द्रका नेताहरुको दावी थियो ।

मध्यान्ह
www.madhyanhadaily.com
२ जेठ २०७९, सोमबार
16 May 2022, Monday

# यार्सागुम्बा टिप्ने चटारो



**नविन लामिछाने/रासस**
मनाङ, १ जेठ

स्थानीय तह निर्वाचन-२०७९ अन्तर्गत मनाङमा मतदान र मतगणना कार्य सकिएको छ । जिल्लाको चार स्थानीय तहले नयाँ जनप्रतिनिधि पाइसकेका छन् । तर, मनाङवासीलाई भने स्थानीय तहको निर्वाचनसँगै औषधीजन्य जडिबुडी (यार्सागुम्बा) संकलनको चटारो परेको छ । उनीहरु मतदान सकिएपछि यार्सागुम्बा संकलन गर्न खर्क पुगेका छन् । स्थानीय तह निर्वाचनमा मतदान गर्न आफ्नो क्षेत्रमा पुगेका मनाङवासी मतदानकार्य सकेर खर्क पुगिसकेका हुन् । उनीहरु आजदेखिनै यार्सागुम्बा संकलनमा आफुलाई व्यस्त बनाएका छन् ।

मतदान सकिएको भोलिपल्टै मनाङवासी खर्कतर्फ लागेका हुन् । उनीहरुको मुख्य आयस्रोत जङ्गली औषधीजन्य जडिबुटी यार्सागुम्बा नै हो । उनीहरु जडिबुटी संकलनका लागि नार फु, नाम्के खर्क, खाङ्सार खर्क अहिले पुगिसकेका हुन् ।

'स्थानीय तह निर्वाचनका लागि यार्सा टिप्न बन्द गरिएको थियो, मतदान पनि गरियो अब यार्सागुम्बा टिप्न खर्कतर्फ लागेका हौँ', चामे गाउँपालिका-४ जगबहादुर गुरुङले भने । उनले मनाङको विकासको लागि जनप्रतिनिधि चुन्न खर्क छोडेर आएको र मतदानकार्य सकेर पुनःखर्कतर्फ फर्किएको बताए ।

त्यस्तै गोर्खा घर भई यार्सागुम्बा संकलन गर्न मनाङ पुग्नुभएका सोनाम गुरुङले 'सिजन'लाई समात्न सक्नुपने भएकाले मतदानमा सहभागी भएर खर्कतर्फ लागेको बताए । 'समयमा नै यार्सागुम्बा संकलन गर्न सकिएन भने पछि हराउँछ, त्यही भएर आजभोलि खर्कतर्फ छिटो फर्किन लागेका छौँ', उनले भने ।

स्थानीय तह निर्वाचनमा सहभागी गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय मनाङले गत बैशाख २५ देखि ३० गतेसम्म यार्सागुम्बा संकलनकार्य बन्द गराएको थियो । यार्सागुम्बा संकलन बन्द गरिएपछि जिल्लावासी आ-आफ्ना घरमा फर्किएका थिए । निर्वाचनमा सहभागी भएर पुनः यार्सागुम्बा संकलनका लागि उनीहरु खर्कतर्फ मतदान सकिएको भोलिपल्टै खर्क उक्लिएको स्थानीय बताउँछन् ।

विशेषगरी यो मौसम यार्सागुम्बा संकलन गरी घरमा ल्याएर सुरक्षित गने समयको रुपमा लिइन्छ । यार्सागुम्बा संकलनका लागि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङको गत चैत २३ गते बसेको बैठकले स्वीकृति पाएपछि समितिमार्फत पूर्जी दिने निर्णय भएको थियो । बैठकको निर्णय बमोजिम नै यार्सागुम्बा संकलन गर्न पाउने भएपछि मनाङवासीलाई चटारो परेको हो ।

यार्सागुम्बा सङ्कलनका लागि जिल्लावासी मात्रै नभएर बाहिरी जिल्लाबाट पनि खर्क आउने गर्दछन् । निर्वाचनमा सहभागी भएर मनाङवासीहरु यार्सागुम्बा सङ्कलन गर्न मनाङवासी खर्कतर्फ लागेको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले बताए । उनका अनुसार यार्सागुम्बा संकलनमा निस्किएका मनाङवासीको सुरक्षाका लागि खर्कतर्फ पनि सुरक्षाको व्यवस्था गरिएको छ ।

यार्सागुम्बा संकलन गर्न पुर्जी काटिसकेका स्थानीय तथा बाह्य जिल्लाबाट आउने संकलनकर्तालाई सहज रुपमा खर्कतर्फ जान दिइएको आचार्यले बताए । यार्सागुम्बा संकलनकार्य नाम्केखर्कबाट शुरु भई नार, फु र माथिल्लो मनाङको खाङ्सार खर्कमा सकिने एक्यापका प्रमुख लेखनाथ गौतमले जानकारी दिए । उनका अनुसार आगामी असारको पहिलो हप्तासम्म यार्सागुम्बा संकलन गर्न सकिने समय हो । वैशाख १५ देखि असारको पहिलो सातासम्म औषधीजन्य जडिबुटी संकलन गरी मनाङवासी बेंशीतर्फ फर्किनेछन् ।

यार्सागुम्बा सङ्कलन अवधिभर नेपाल प्रहरीद्वारा आवश्यकता अनुसार नार, फुलगायतका अन्य स्थानमा सुरक्षा प्रबन्ध मिलाउने तथा अन्य सुरक्षा निकायले सहयोग गर्ने गौतमले बताए । उनका अनुसार यार्सागुम्बा संकलन गरेको परिचय पत्र सम्बन्धित संरक्षण क्षेत्र व्यवस्थापन समितिको सिफारिस तथा दस्तुर तिरेको रसिद र सम्बन्धित गाउँपालिकाको दस्तुर तिरेको रसिद लिएर आएमा मात्र छोडपूर्जी दिन अनुरोध गरिएको छ । यार्सागुम्बा पाइने क्षेत्रमा संकलन गर्न जाने संकलकहरुले १० वटा यार्सागुम्बा टिपिएकामध्ये एक वटा सोही स्थानमा छोड्नुपर्ने प्रावधान निर्धारण गरिएको छ ।

मनाङ बाहिरका यार्सागुम्बा तथा अन्य जडिबुटी संकलकहरु र खरिद गर्न आउने व्यक्तिहरुले अनिवार्य रुपमा कोभिड-१९ विरुद्धको खोप लगाएको परिचय पत्र (मोबाइलमा भएपनि खोपकार्ड) लिएर आउनुपर्ने र प्रहरी कर्मचारीले माग गरेको अवस्थामा देखाउनुपर्नेछ । यार्सागुम्बा तथा अन्य जडिबुटी संकलक तथा खरिदकर्ताले आवश्यक स्वास्थ्यका मापदण्ड अपनाउनसमेत अनुरोध गरिएको छ ।

गत दुई वर्ष यार्सागुम्बा तथा अन्य जडीबुटी संकलन र खरिद विक्री गर्न नसक्दा जिल्लाको राजश्व पनि घटेको जनाइएको छ । यसवर्ष भने सहजरुपमा जडीबुटी संकलन हुने भएकाले राजश्व बृद्धि हुने अपेक्षा गरिएको छ ।

# भारतीय प्रधानमन्त्री नेपाल आउँदै

**लुम्बिनी/मस-** भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको औपचारिक भ्रमणका लागि आउँदैछन् । उनी ११ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै नेपाल आउँन लागेका हुन् । प्रतिनिधिमण्डलमा भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल, परराष्ट्र सचिव विनयमोहन क्वात्रा, विदेश मन्त्रालयका सहसचिवद्वय अनिन्दम बाग्ची र अनुराग श्रीवास्तव, प्रधानमन्त्री कार्यालयका सहसचिव रुद्रा गौरव श्रेष्ठलगायत छन् ।



प्रधानमन्त्री मोदीलाई अन्तरराष्ट्रिय वौद्ध प्रार्थना केन्द्र तथा प्रेक्षालय नजिक निर्माण गरिएको हेलिप्याडमा प्रधानमन्त्री शेर बहादुर देउवा, उनकी धर्मपत्नी डा. आरजु राणा देउवा, मन्त्रिपरिषद्का सदस्य, लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसी, काठमाडौंस्थित भारतीय राजदूतावासका कार्यवाहक राजदूत नाम्या खम्पालगायतले स्वागत गर्ने कार्यक्रम रहेको छ । आजै दुबै देशका प्रधानमन्त्रीबीच प्रतिनिधिमण्डलस्तरीय वार्ता हुने कार्यक्रम तय भएको छ ।

भारतीय प्रधानमन्त्री मोदीको स्वागतका लागि प्रधानमन्त्री शेर बहादुर देउवा लुम्बिनी पुगेका छन् । साथै उनले २,५६६ औं बुद्ध जयन्ती मूल समारोहमा सहभागिता जनाउनेछन् । बुद्ध जयन्तीको अवसरमा प्रधानमन्त्री देउवाको निमन्त्रणमा मोदी लुम्बिनी आउँदैछन् । मोदीको सुरक्षाका लागि स्पेसल प्रोटेक्सन गार्ड (एसपीजी)को टोली चार दिनअघि नै लुम्बिनी पुगिसकेको छ । मोदी सोमबार बिहान ११ बजे हेलिकप्टरमा लुम्बिनी आउनेछन् ।

लुम्बिनी आइसकेपछि मोदीले मायादेवी मन्दिरमा मार्कर स्टोनमा पुष्प अर्पण गरी पूजा गर्ने, पुष्करिणि पोखरीको अवलोकन र अशोक स्तम्भ अगाडि दुईवटा दीप प्रज्ज्वलन गर्नेछन् । त्यसपछि मोदीले मायादेवी मन्दिरमा रहेको बोधीवृक्षमा जल अर्पण र आगन्तुक पुस्तिकामा हस्ताक्षर गर्ने कार्यक्रम रहेको छ ।

# स्वामिकार्तिक खापर गाउँपालिकामा कांग्रेसका रोकाया विजयी

**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, १ जेठ

बाजुराको स्वामिकार्तिक खापर गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसका भरतबहादुर रोकाया विजयी भएका छन् ।

उनी २ हजार ११ मत प्राप्त गर्दै विजयी बनेका हुन् । उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका चतुरभुज शाहीले १ हजार ७ सय ५७ मत प्राप्त गरेका थिए । यस्तै, नेकपा एकीकृत समाजवादीबाट गाउँपालिका अध्यक्षका उम्मेदवार चिरञ्जीबी शाहीले १ हजार २ सय ८२ र स्वतन्त्र उम्मेदवार बिमल बहादुर शाहीले ३१ मत प्राप्त गरेका थिए ।



यस्तै, गाउँपालिका उपाध्यक्षमा विजयी बनेकी कांग्रेसकी मैना देवी जोशीले १ हजार ८ सय १० मत प्राप्त गरेकी छिन् । उनकी निकतम प्रतिस्पर्धी नेकपा एमालेकी सुलोचना भण्डारी बुढाले १ हजार ६ सय ३७ मत प्राप्त गरेकी छिन् । त्यस्तै माओवादी केन्द्रका सुरेस बहादुर रोकायाले १ हजार २ सय १३ र स्वतन्त्र उम्मेदवार वीर सिंह विकले ४१ मत प्राप्त गरेका थिए । गाउँपालिका अध्यक्ष र उपाध्यक्षमा निर्वाचित रोकाया र जोशी दुवै जना २०७४ सालको स्थानीय निर्वाचनमा पराजित भएका थिए ।

गाउँपालिकाको वडा नं. १ मा नेकपा माओवादीका अजय बहादुर विक, वडा नं. २ मा नेपाली कांग्रेसका बिस्नु बहादुर बुढा, वडा नं. ३ मा नेकपा एमालेका प्रेम बहादुर कटेल, वडा नं. ४ मा नेपाली कांग्रेका प्रेम सिंह धामी र वडा नं. ५ मा नेपाली कांग्रेसका अम्मर बहादुर सिंह विजयी बनेका छन् । गाउँपालिकाको अध्यक्षमा निर्वाचित रोकाया नेपाली कांग्रेस जिल्ला सचिव हुन् ।

## प्रारम्भिक ....

उम्मेदवार बनेका नेकपा एकीकृत समाजवादीका राजेश्वर श्रेष्ठलाई निकै पछाडि पारेकी छन् । राप्रपाकी बिनिता मगैयाले तेस्रो स्थानमा छिन् ।

ललितपुर महानगरमा सत्ता गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका चिरिबाबु मर्हजनले अग्रता लिइरहेका छिन् । नेकपा एमालेका हरिकृष्ण व्यञ्जनकारले दोस्रो स्थानमा छन् । महानगरको उपप्रमुखमा भने एमालेकी मञ्जली शाक्यले अग्रता लिइरहेकी छिन् । गठबन्धनबाटै उम्मेदवार बनेका नेकपा माओवादी केन्द्रका बाबुराजा बज्राचार्य भने दोस्रो स्थानमा छन् ।

भरतपुरमा पनि सत्ता गठबन्धनबाट नेकपा माओवादी केन्द्रकी रेनु दाहालले अग्रता लिइरहेकी छिन् । नेकपा एमालेका बिजय सुवेदीले दोस्रो स्थानमा रहेर टक्कर दिइरहेका छन् । उपप्रमुखमा पनि गठबन्धनबाट कांग्रेसका चित्रसेन अधिकारीले १२२६ मतसहित अग्रता लिइरहेका छन् । एमाले-राप्रपा गठबन्धनबाट राप्रपाकी हिमला गुरुङले अधिकारीलाई पछ्याइरहेकी छिन् ।

पोखरा महानगरमासत्ता गठबन्धनबाट एकीकृत समाजवादीका धनराज आचार्यले अग्रता लिएका छन् । एमालेका कृष्णबहादुर थापा दोस्रो स्थानमा छन् । उपप्रमुखमा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसकी कोपिला रानाभाटले अग्रता लिइरहेकी छिन् । एमालेकी एमाले मञ्जुदेवी गुरुङले पछ्याइरहेकी छिन् ।

वीरगञ्ज महानगरमा प्रमुख र उपप्रमुख दुबैमा गठबन्धनको अग्रता छ । नेकपा एमालेका बिजयकुमार सरावगी पछ्याइरहेका छन् । उप्रमुखमा नेपाली कांग्रेसका इम्तियाज आलमले अग्रता लिइरहेका छन् । उनलाई लोसपाका पुरुषोत्तमलाल झाले पछ्याइरहेका छन् ।

त्यस्तै विराटनगरमा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसले अग्रता लिइरहेको छ । नेपाली कांग्रेसका नागेश कोइरालाले अग्रता लिइरहेका छन् । नेकपा एमालेका सागरकुमार थापाले कोइरालालाई पछ्याइरहेका छन् । उपप्रमुखमा भने नेकपा एमालेकी शिल्पा कार्कीले अग्रता लिइरहेकी छिन् । सत्ता गठबन्धनबाट जनता समाजवादीका अमरेन्द्र यादवले कार्कीलाई पछ्याइरहेका छन् ।

०७४ को स्थानीय तहको चुनावमा एमालेले काठमाडौं महानगर र पोखरा महानगरको प्रमुख पद जितेको थियो । यो पटक प्रारम्भिक मतगणनामा सबैतिर दोस्रो स्थानमा रहेर संघर्ष गरिरहेको छ ।

प्रारम्भिक मतपरिणामा महानगरमै पछि परेपछि एमाले नेताहरु शसंकित भएका छन् । अमूर्त रुपमा विज्ञप्ती निकालेर धाँधली भएको बताउन थालेका छन् । तर, देशभरको समग्रमा भने एमालेले कांग्रेस हाराहारीमै जीत र प्रारम्भिक मत परिणाममा अग्रता लिइरहेको छ ।

## स्थानीय...

तामाकोशी, सिन्धुपाल्चोकको मेलम्ची, सिन्धुलीको सुनकोशी, काभ्रेको पाँचखाल, बाराको पचरौता, अछामको साँफेबगर, पञ्चदेवल विनायक, मंगलसेन, बझाङको छबिसपाथीभरा, सर्लाहीको धनकौल, बलरा, रामनगर, बागमती, बरहथवा, रौतहटको करुनिया लगायत दर्जनौं स्थानमा बुथकब्जा गरेको एमालेको आरोप छ ।

'हामी सत्ता गठबन्धनबाट नेकपा एमालेविरुद्ध गरिएको मोर्चाबन्दीको बाबजुद निर्वाचनमा उभिएको पार्टी हो । मोर्चाबन्दीले नपुगेर धाँधलीमा उत्रेको, योजनाबद्ध धाँधलीलाई सत्ता गठबन्धनले निरन्तरता दिइरहेको हुँदा यस्तो कार्य तत्काल रोक्न सरकारसँग माग गर्दछौँ,' पोखरेलले जारी गरेको विज्ञप्तीमा उल्लेख छ । उनले पुनः मतदान र मतगणनाका लागि नेकपा एमालेले दिएको उजुरीउपर गम्भीरताका साथ ध्यान दिई कार्यान्वयन गर्न माग गरेका छन् ।

निर्वाचन सुरु हुनुभन्दा अगाडि सत्ता गठबन्धनलाई सहयोग हुने गरी गृह प्रशासनले प्रहरी र कर्मचारीहरु खटाएको, मतदातालाई हतोत्साह गर्न गिरफ्तारी गर्ने र मतदानपछि मात्र छाड्ने कार्य गरेको, मौन अवधिमा अनुचित प्रभाव पार्ने गरी विभिन्न गतिविधि गरेको एमालेको दाबी छ ।

निर्वाचन आयोगलाई आचारसहिंता सच्याउन गरेको आग्रहलाई बेवास्ता गरिएको, निर्वाचन अगाडि गृह प्रशासनको दुरुपयोग गरिएको, मतदानको दिन दर्जनौ स्थानमा बुथ कब्जा गरिएको तथा मतगणनामा धाँधली भएको भन्दै एमालेले १५ बुँदे विज्ञप्ती जारी गरेको हो । तर, प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भने चुनाव धाँधलीरहित, निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न भएको भन्दै विज्ञप्ती नै जारी गरेका थिए ।

## सुस्त...

दैलेखको नौमुले गाउँपालिका अध्यक्ष, छविराम सुवेदी, बाग्लुङ ताराखोला गाउँपालिका अध्यक्ष, धनबहादुर विक, उदयपुर लिम्चुङबुङ गाउँपालिका अध्यक्ष, मेजरकुमार राई र रोल्पाको थवाङ गाउँपालिका अध्यक्ष, ऋषिकेशव बुढामगर रहेका छन् ।

खोटाङको जन्तेढुंगा गाउँपालिका अध्यक्ष, अरुणादेवी राई, दार्चुलाको नौगाड गाउँपालिका अध्यक्ष, दलजितसिंह धामी, दार्चुलाको अपीहिमाल गाउँपालिका अध्यक्ष, भगतसिंह ठेकरे (बोहरा) र हुम्लाको ताजाकोट गाउँपालिका अध्यक्ष, लालकेश जैसी पनि माओवादी केन्द्रबाट निर्वाचित पालिका प्रमुखहरु हुन् ।

नेकपा एकीकृत समाजवादीका तर्फबाट भने दुई जना पालिका प्रमुख निर्वाचित भएका छन् । जसमा डोल्पाको छार्का साङतोङ गाउँपालिका अध्यक्ष, सेनाङ गुरुङ र डोल्पाकै काइके गाउँपालिकाः अध्यक्ष अंगदकुमार राना रहेका छन् ।

## मतदाताले...

उनलै प्रदेश १ सरकारमा सहभागी क्षेत्रीय हैसियतका संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च पार्टीबाट उम्मेदवारी दर्ता गराएका थिए । खुकुरीको दाप चुनाव चिह्न पाएका उनले आइतबार साँझसम्म खासै सन्तोषजनक मत पाउन सकेका छैनन् । मेयरमा नेपाली कांग्रेसका अमिर मादेनले २ हजार ५ सय बढी पाएका छन् । त्यस्तै नेकपा एमालेका छत्रपति प्याकुरेलले १ हजार ५ सय बढी मत पाउँदा तेस्रो स्थानमा रहेका लिम्बूको भागमा ३३ मत मात्रै पऱ्यो । मेयरका स्वतन्त्र उम्मेदवार मिलन निरौलाले १६ र जनता समाजवादी पार्टीका विमला निरौलाले ४ मत पाउँदा वैदेशिक रोजगारबाट फर्किएका लिम्बूले पाएको मत केही बढी भएपनि मेयरमा निर्वाचित हुन पर्याप्त छैन ।

उनी चुनावमामा उठ्न दुई महिनाको तलब ५ लाख र दोहोरो टिकट भाडा १ लाख गरी छ लाख रूपैयाँ खर्च गरेर आएको बताउँछन् । उनी किरात याक्थुम चुम्लुङ दक्षिण कोरियाका सल्लाहकार पनि हुन् । निर्वाचन जितेमा नगर प्रमुखले पाउने मासिक पारिश्रमिक प्रत्येक महिना प्रत्येक वडाको विकासमा खर्चने उनको प्रतिवद्धता छ ।

# दुई स्रष्टा पुरस्कृत

**विराटनगर/मस-** भाषा, साहित्य र पत्रकारिता क्षेत्रका दुई स्रष्टा पुरस्कृत भएका छन् ।

दधिराज सुवेदी पुरस्कार प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा दुई स्रष्टालाई पुरस्कृत गरिएको हो । भाषा र साहित्य क्षेत्रमा ५१ हजार राशिबाट पुरस्कृत हुनेमा प्राडा चुडामणि बन्धु छन् भने पत्रकारिता क्षेत्रबाट रु २५ हजार राशिबाट पुरस्कृत हुने पत्रकार भुषण दाहाल छन् ।

भाषा, साहित्य र सामाजिक क्षेत्रमा अहोरात्र योगदान दिने प्राज्ञः दधिराज सुवेदीको सुपुत्र पत्रकार शरदराज सुवेदी र अर्का छोरा रुपेश सुवेदीले संयुक्त रुपमा रु १५ लाखको अक्षय कोष स्थापना गरी बर्सेनि पुरस्कार वितरण गर्दै आएको प्रतिष्ठानका अध्यक्ष विवश पोखरेलले जानकारी दिए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा.शेखर कोइरालाले पुरस्कृत स्रष्टालाई पुरस्कार तथा सम्मानपत्र प्रदान गर्दै नेपाली समाजलाई रुपान्तरण गर्न भाषा, साहित्य र पत्रकारिता क्षेत्रको महत्वपूर्ण योगदान रहेको बताए । उनले भाषा, साहित्य, कला र पत्रकारिताविनाको समाज निरश हुने भएकाले समाजलाई सौन्दर्य बनाउन यस क्षेत्रको योगदान सराहनीय रहेको उल्लेख गरे ।

कार्यक्रममा नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य महेश रेग्मी, पुरस्कृत स्रष्टाद्वय प्राडा चुडमाणि दाहाल र पत्रकार भुषण दाहालले भाषा साहित्यको महत्वबारे प्रकाश पारेका थिए ।

# जंगली हात्तीले स्थानीयवासीमा त्रास

**झापा/मस-** झापाको मेचीनगर-३ मा जंगली हात्तीका कारण स्थानीयवासी त्रसित भएका छन् ।

तेलपानी सामुदायिक वनमा आइतबार बिहान पनि छावासहित१५ वटा जङ्गली हात्ती पसेका थिए ।



पालिका अन्य क्षेत्रका बासिन्दाको ध्यान स्थानीय तहको निर्वाचनको मत गणनासँगै परिणामतिर सोझिरहेका बेला बाहुनडाँगी, १, ३ र ४ का बासिन्दा भने हात्तीबाट ज्यान र बाली जोगाउनतिर लागेको स्थानीयवासी शंकर लुइँटेलले बताए ।

उनका अनुसार तीनदेखि लगातार विद्युतीय घेराबारा भत्काएर ६० भन्दा बढी हात्ती साँझ पर्ने बित्तिकै भारतीय जङ्गलबाट हूल बाँधेर बाहुनडाँगी आउने र रातभर मकै खाएर उज्यालो हुँदा उतै फर्कने गरेका छन् । शनिबार राति आएको हात्तीमध्ये १५ वटा छावासहित तेलपानी सामुदायिक वनमा रहेको उनको भनाइ छ ।

उनले भने, 'प्रहरी प्रशासनदेखि सबैको ध्यान यतिबेला मत गणनातिर छ । हाम्रो भने हात्तीबाट आफू र पाकेको बाली कसरी जोगिनु भन्नेमा छ ।' उनले चार दशकदेखि बाहुनडाँगीवासी हात्तीबाट पीडित बन्दै आएको बताए ।

उनले बस्ती नजिकै रहेको सामुदायिक वनमा रहेका हात्ती लखेट्नका लागि डिभिजन वन कार्यालयसँग आग्रह गरिरहेको बताए । डिभिजन वन कार्यालय झापाका प्रमुख युवराज मास्केले रातभर साइरनसहितको टोलीले हात्ती लखेट्दै आएको बताए ।

# बाँकेका कुन-कुन वडामा कस्को जित ?

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, १ जेठ ।

बाँकेमा अहिलेसम्म १५ वटा वडाको मतपरिणाम सार्वजनिक भएको छ । बाँकेमा रहेका कुल ८१ वटा वडामध्ये अहिलेसम्म १५ वटाको परिणाम सार्वजनिक भएको हो । पछिल्लो मत परिणाम अनुसार नेकपा एमालेले ५, नेपाली कांग्रेसले ४, जनता समाजवादी पार्टी (जसपा) र नेकपा माओवादी केन्द्रले २/२ तथा राप्रपाले १ वटा वडामा जित हाँसिल गरेका छन् ।


नेपालगञ्ज उपमहानगरपालिका वडा नम्बर १ मा नेकपा एमालेका प्रमोद रिजाल निर्वाचित बनेका छन् । नेपालगञ्ज वडा नम्बर २ मा राप्रपाका मनोज श्रेष्ठ, नेपालगञ्ज २२ मा जसपाका अब्दुल गफ्फार हलवाई, नेपालगञ्ज २३ मा कांग्रेसका जबर अलि बेहना निर्वाचित बनेका छन् ।

यस्तै, जानकी गाउँपालिका वडा नम्बर १ मा जसपाका मोहम्मद रजा राई, राप्ती सोनारी गाउँपालिका वडा नम्बर १ मा एमालेका यमबहादुर खड्का, र राप्ती सोनारी २ मा एमालेका ज्ञानेन्द्रराज ओली, राप्ती सोनारी ३ मा एमालेका मीनकुमार थारु बैजनाथ गाउँपालिका वडा नम्बर १ को वडाध्यक्ष पदमा नेकपा एमालेका रूप बहादुर मल्ल निर्वाचित भएका छन् ।

यसैगरी कोहलपुर नगरपालिका वडा नम्बर १ मा माओवादी केन्द्रका बद्रीप्रसाद जैसी, कोहलपुर १५ मा नेपाली कांग्रेसका दिपेन्द्रकुमार थारु वडाअध्यक्षमा निर्वाचित भएका छन् । त्यस्तै खुजुरा गाउँपालिका वडा नम्बर १ मा कांग्रेसका मनबीर खत्री, खजुरा २ मा माओवादी केन्द्रका धनीराम ओली, डुडुवा गाउँपालिका वडा नम्बर १ मा कांग्रेसका पटेश्वरी कुर्मी र बैजनाथ गाउँपालिका वडा नम्बर १ मा एमालेका रुपबहादुर मल्ल निर्वाचित भएका छन् ।

# सात मतदान केन्द्रमा मतदान सम्पन्न

**काठमाडौं/मस-** गत शुक्रबार स्थगन भएकामध्ये पाँच स्थानीय तहका विभिन्न सातवटा मतदान केन्द्रमा आइतबार मतदान सम्पन्न भएको छ । गत वैशाख ३० गते स्थगन भएका स्थलका ती मतदान केन्द्रमा मतदान भएको हो ।



निर्वाचन आयोगका अनुसार जुम्लाको गुठीचौर गाउँपालिका-३ को शङ्कर मावि, गर्ज्याङ्कोट मतदानस्थलको एक मतदान केन्द्र, सप्तरीको डाक्नेश्वरी नगरपालिकाका-२ को जनता मावि, हरिहरा मतदानस्थलका दुई मतदान केन्द्र, कालीकोटको रास्कोट गाउँपालिका-४ को रमालमष्टो मावि, स्युनाको एक मतदान केन्द्र, कालीकोटकै पचालभरना गाउँपालिका-३ को जनता मावि, खार्दुपको एक मतदान केन्द्र, बझाङको जयपृथ्वी नगरपालिका सुनी वडा नं ७ को सुनीपीपल चौर माविको दुई मतदान केन्द्रमा आइतबार निर्वाचन भएको हो । राजनीतिक दल र उम्मेदवार र अन्य पक्षको विवादका कारण स्थगन भएका ८५ मतदान केन्द्रमध्ये विभिन्न मतदान केन्द्रमा निर्वाचनको नयाँ मिति तोकिने र निर्वाचन हुने आयोगले जनाएको छ ।

# २५६६ औँ बुद्ध जयन्ती मनाइँदै



**काठमाडौं/मस–** भगवान् विष्णुको नवौं अवतारका रूपमा जन्म लिएका सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याएको योगदानको स्मरण स्वरुप २५६६ औँ बुद्ध जयन्ती देशभर मनाइँदैछ ।

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धजयन्ती पर्व मनाइन्छ। बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मृत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् ।

'अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो' यस्ता अनेकौं कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५६६ औं जयन्ती शान्तिको कामना गर्दै आज देशभर मनाउन लागिएको हो ।

यसैबीच २५ सय ६६ औं बुद्धजयन्ती तथा लुम्बिनी दिवसको तयारी पूरा भएको छ। हरेक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन यहाँ विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाइन्छ । गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण प्राप्ति वैशाख शुक्ल पूर्णिमाकै दिन भएकाले यस दिनलाई बौद्ध धर्मावलम्बीले त्रिसंयोग दिवसका रुपमा लिने गर्छन् ।

बुद्धजयन्तीका कार्यक्रमको तयारी पूरा भएको लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिए ।

उनका अनुसार मायादेवी मन्दिरको सरसफाइ, रङरोगन गरी चिटिक्क बनाइएको छ । अन्य क्षेत्रमा सौन्दर्यकरणका काम गरिएको छ ।

मन्दिर आसपासका पुरातात्विक संरचनालाई फूल र मालाले सजाएर आकर्षक बनाइएको छ । मन्दिर परिसरको भित्र, बाहिर र अशोक स्तम्भभित्र सरसफाइ गरेर आकर्षक पारिएको छ । स्तम्भसम्म पुग्ने सडक पनि सफा गरेर सुन्दर बनाइएको छ । मन्दिर र पवित्र उद्यान क्षेत्रमा झिलीमिली बत्ती राखिएको छ ।

ठाउँ ठाउँमा बुद्ध वचन, वाणी र पञ्चशिलका नयाँ तुल व्यानार टाँसिएको छ। आगन्तुकलाई स्वागतका लागि बाहिर नै गेट बनाइएको छ। अघिल्ला वर्षहरूभन्दा यसपटक लुम्बिनीलाई विशेषरुपमा सजाउने काम गरिएको छ । कोरोना महामारिका कारण अघिल्लो बुद्ध जयन्ती मनाउन नपाएका कारण पनि यो वर्ष विशेष तयारी गरिएको विकास कोषले जनाएको छ ।

लुम्बिनीमै बनेको अन्तर्राष्ट्रियस्तरको बौद्ध सभाहल तथा ध्यान केन्द्रको पनि बुद्धजयन्तीका दिन शुभारम्भ गर्ने कार्यक्रम छ। राष्ट्रिय गौरवको योजनाअन्तर्गत निर्माण थालिएको अत्याधुनिक सुविधासहितको सभाहल चार वर्षमा पूरा भएको छ । सो सभाहलको प्रधानमन्त्री शेरबहादुर देउवाले शुभारम्भ गर्नेछन् ।

तीन वर्षमा सम्पन्न गर्ने योजना रहेको सभाहल कोरोना महामारीका कारण एक वर्ष ढिलो सम्पन्न भएको हो । पाँच हजार सिट क्षमताको यो सभाहलको मुख्य पूर्वाधारको काम पहिलो चरणमा सम्पन्न भएको थियो भने दोस्रो चरणमा फिनिसिङ र सौन्दर्यीकरणको काम पूरा भएको हो । विसं २०७५ वैशाख १७ गते २५६२ औं बुद्धजयन्तीका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले सो सभाहलको शिलान्यास गरेकी थिइन् ।

कोषकाअनुसार छाता शैलीमा निर्माण भएको यो हलमा गर्मीमा चिसो र जाडोमा तातो बनाउन छदेखि आठ डिग्रीसम्म तापक्रम तलमाथि हुन सक्ने इपीएस प्यानल प्रयोग गरिएको छ। लुम्बिनी विकास कोषका योजना प्रमुख सरोज भट्टराईका अनुसार सभाहलको कूल लागत झण्डै रु साढे ७४ करोड रहेको छ ।

ध्यान र शान्तिको कार्यक्रम गर्ने ठाउँ भएकाले भित्रै पूरै सेतो रङ लगाइएको छ । हलको भित्रतिर माथि पहेलो रङको लोटस बनाइएको छ । भित्र उज्यालोका लागि छतमा ४७६ वटा बत्ती जडान गरिएको छ ।

लुम्बिनीमा हुने बुद्धजयन्ती समारोह, आध्यात्मिक, धार्मिकलगायतका कार्यक्रम गर्न हलको अभाव भएपछि कोषले दक्षिण एसियाकै नमूना सभाहल निर्माण सुरु गरेको थियो । सन् २०१६ को अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन मनाउने क्रममा पानीले कार्यक्रम नै प्रभावित बनेपछि सोही कार्यक्रममा उपस्थित भएका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आधुनिक र भव्य सभाहल बनाउन निर्देशन दिएका थिए । सोही बमोजिम मुलुककै ठूलो सभाहल निर्माणको काम पूरा भएको छ ।

सभाहलकै नजिक रु ७५ लाखको लागतमा चारवटा हेलिप्याड निर्माणको कामसमेत सम्पन्न भएको विकास कोषका योजना प्रमुख सरोज भट्टराईले जानकारी दिए ।

यस पटक बुद्धजयन्तीको अवसरमा बुद्धजन्मस्थल तथा देवदह र कपिलवस्तुको तिलौराकोटमा चार दिनसम्म विशेष कार्यर्कम गरिने कोषका कोषाध्यक्ष तथा प्रचारप्रसार उपसमितिका संयोजक ढुण्डिराज भट्टराईले जानकारी दिए ।

# मानवीय त्रुटीलाई विवादको विषय नबनाऔँ : आयोग



**काठमाडौं/मस–** निर्वाचन आयोगले मतगणनाका क्रममा हुने सामान्य मानवीय त्रुटीलाई विवादको विषय नबनाउन आग्रह गरेको छ । अनावश्यक विवाद झिकी मतगणना कार्य रोक्ने, हुलहुज्जत गर्ने, नाराबाजी गर्ने र समग्र मतगणनाकार्यमा ढिलाई गर्ने गरिएका प्रति ध्यानाकर्षण भएको आयोगले जनाएको छ ।

मत गणनाका क्रममा देखिएको गतिविधिबाट पूर्वयोजनाअनुसार जेठ ५ गते अगावै मतगणना कार्य सम्पन्न गर्ने उद्देश्यमा असर पुगेको आयोगले जनाएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आइतबार विज्ञप्ति जारी गर्दै जिल्लामा रहेको जनशक्ति व्यवस्थापन समन्वय समितिसँग समन्वय गरी आवश्यक जनशक्ति व्यवस्थापन गरेर मतगणनालाई तीव्र बनाउन आग्रह गरेका छन् ।

उपलब्ध भएसम्म नेपाल सरकार तथा प्रदेश सरकारका कर्मचारीलाई मतगणना कार्यमा प्राथमिकतासाथ खटाउने तथा स्थानको उपलब्धताअनुसार सकेसम्म बढी मतगणना टोली कायम गरी मतगणना गर्ने व्यवस्था मिलाउन पनि आयोगले आग्रह गरेको छ ।

प्रवास डायरी

तिलु शर्मा पौडेल/मध्यान्ह

# परियार मित्रता समाज कतारको चौथो अधिवेशन सम्पन्न



परियार मित्रता समाज कतारको चौथो अधिवेशन सम्पन्न भएको छ । समाजको अधिवेशनले सालिकराम परियारको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन गरेको छ ।

समितिको उपाध्यक्षमा खोम बहादुर नेपाली, महिला उपाध्यक्ष उषा परियार, सचिवमा सुनिल परियार, सह सचिवमा महेश घेले, कोषाध्यक्षमा चेतन परियार, सह-कोषाध्यक्षमा इन्दु सिवा चयन भएका छन् ।

यस्तै, सदस्यमा दीपक परियार र सगुन परियार रहेका छन् । पदाधिकारीहरूलाई निर्वाचन समितिका संयोजक बालकृष्ण भित्रिकोटीले पद तथा गोपनीयताको शपथ गराएका थिए ।

विविध सांस्कृतिक कार्यक्रमसहित सम्पन्न अधिवेशनमा पञ्चे बाजा आकर्षणको केन्द्र बनेको थियो । समाजका अध्यक्ष प्रेम बहादुर नेपालीको अध्यक्षता तथा एनआरएनए आइसीसी उपाध्यक्ष नरेन्द्र भाटको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको थियो । अनिल परियारले सहजीकरण गरेको कार्यक्रममा समाजका उपाध्यक्ष सालिकराम परियारले स्वागत मन्तव्य राखेका थिए ।

# कतारमा वनभोज तथा सांगितिक कार्यक्रम सम्पन्न



नवलपरासी सेवा समाज, कार्ड्स अर्गनाइजेसन र नेपलिज ब्रदर्श रुम कतारको संयुक्त आयोजनामा वनभोज कार्यक्रम सम्पन्न भएको छ ।

आपसी भाइचारालाई बढावा दिन आयोजना गरिएको कार्यक्रमको अध्यक्षता कृष्ण पन्थी तथा प्रमुख आतिथ्यता समाजका संरक्षक तथा कार्ड्स आइसिसीका संयोजक केबि हमालले गरेका थिए ।

कार्यक्रममा कृजल पन्थी र जिया हमालले नृत्य प्रस्तुत गरेका थिए । यस्तै, शिवांसी कुवर, सन्ध्या अर्याल, अमित कुवर, सांस्कृतिक संयोजक अमित बरालीलाई कदर पत्रद्वारा सम्मान गरिएको थियो । कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने विभिन्न सहयोगीहरूलाईसमेत सम्मान गरिएको आयोजकले जनाएको छ ।

कार्ड्स अर्गनाइजेसन कतारका वरिष्ठ उपाध्यक्ष राजाराम शाहीले स्वागत गरेको कार्यक्रममा समाजका विभिन्न ओहोदाका पदाधिकारीहरू तथा अतिथिहरूको विशिष्ट उपस्थिति रहेको थियो । समाजका महासचिव दुर्गा हमालले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष पन्थीले संस्थाहरुले कतारदेखि नेपालसम्म सेवा र विकास लगायत व्यावसायिक सफलतातिर फड्को मार्दै अगाडि बढेको बताए । निकट भविष्यमा थप भिजन र कार्य योजनासहित अगाडि बढ्ने उनको प्रतिबद्धता थियो ।

सर्लाही डायरी

लक्ष्मण यादव/मध्यान्ह

# सर्लाहीको ३९ वडामा कांग्रेस अगाडि



सर्लाहीको ३९ वटा वडाको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ । जसमध्ये १५ वटा वडामा विजयी हुँदै नेपाली कांग्रेस पहिलो पार्टी बनेको छ ।

कांग्रेस जिल्लाको लालबन्दी नगरपालिकाको वडा नं. ३ र ४, हरिवन नगरपालिकाको वडा नं. १, २ र ४, हरिपूर्वा नगरपालिकाको वडा नं. १ र ४, धनकौल गाउँपालिकाको वडा नं. १ र २ मा विजयी भएको छ । यस्तै, पर्सा गाउँपालिकाको वडा नं. १, ब्रह्मपुरी गाउँपालिकाको वडा नं. ६, मलङ्गवा नगरपालिकाको वडा नं. १, बलरा नगरपालिकाको वडा नं. १, चन्द्रनगर गाउँपालिकाको वडा नं. १ र रामनगर गाउँपालिकाको वडा नं. ६ मा नेपाली कांग्रेसका उम्मेदवार वडाध्यक्षमा निर्वाचित भएका छन् ।

जिल्लामा १० वटा वडामा जित हासिल गर्दै नेकपा माओवादी केन्द्र भने दोस्रो स्थानमा रहेको छ । माओवादी केन्द्रले बागमती नगरपालिकाको वडा नं. १ र २, बलरा नगरपालिकाको वडा नं. १० र ११, चक्रघट्टा गाउँपालिकाको वडा नं. १, रामनगर गाउँपालिकाको वडा नं. १, हरिपुर नगरपालिकाको वडा नं. १ र वडा नं. ३, लालबन्दी नगरपालिकाको वडा नं. २ र गोडैता नगरपालिकाको वडा नं. १ मा विजयी प्राप्त गरेको छ ।


त्यसैगरी, सर्लाहीमा नेकपा एमालेले पाँचवटा वडामा जित निकालेर तेस्रो स्थानमा छ। उसले हरिवन नगरपालिका वडा नं. ३, हरिपुर नगरपालिका वडा नं. २, ईश्वरपुर नगरपालिका वडा नं. १, मलङ्गवा नगरपालिका वडा नं. २ र धनकौल गाउँपालिका वडा नं. ३ मा जित निकालेको छ ।

नेकपा एकीकृत समाजवादीले चारवटा वडामा जित निकालेको छ । एकीकृत समाजवादीले हरिपुर नगरपालिका वडा नं. ८ र ९ तथा पर्सा गाउँपालिका वडा नं. २ र हरिवन नगरपालिका-५ मा जित निकालेको हो । जसपाका उम्मेदवारले भने तीन वटा वडामा बिजयी प्राप्त गरेका छन् । जसपाले हरिपूर्वा नगरपालिका वडा नं. ३, विष्णु गाउँपालिका वडा नं. ८ र बसबरिया गाउँपालिका वडा नं. १ मा जित निकालेको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी लोसपाले भने गोडैता नगरपालिका वडा नं. १२ र विष्णु गाउँपालिकाको वडा नं. १ गरी दुईवटा वडामा बिजयी प्राप्त गरेको छ । देशभरमै सबैभन्दा बढी स्थानीय तह रहेको सर्लाहीमा १९ वटा पालिकाको मतगणना जारी छ । बरहथवा नगरपालिकामा भने मतगणना सुरु हुन सकेको छैन् ।

निर्वाचन आयोगले बरहथवा नगरपालिकाको वडा नं. १७ मा पुनः मतदान गर्न निर्देशन दिएको छ । पर्सी मतदान भएपछि मात्रै मतगणना सुरु गरिने निर्वाचन अधिकृतको कार्यालय बरहथवाले जनाएको छ । बरहथवामा पर्सी पुनः मतदान गर्ने आइतबार बसेको सर्वदलिय बैठकले निर्णय गरेको निर्वाचन अधिकृत दशरथ पंगेनीले बताए ।

# बरहथवा १७ मा ३ गते पुनः मतदान हुने



दुई पक्षबीच झडप भएपछि रोकिएको सर्लाहीको बरहथवा नगरपालिका वडा न.१७ को मतदान जेठ ३ गते पुनः हुने भएको छ ।

शुक्रबार जनता समाजवादीका वडा अध्यक्षका उम्मेदवार रामविश्वास रायको टिमले माओवादी केन्द्रका वडा अध्यक्ष पदका उमेदवार विरेन्द्र रायलाई निर्घात कुटपिट गरेपछि सो वडास्थित आधारभूत विद्यालय परोरियाटोल मतदान केन्द्रको मतदान स्थगित भएको थियो ।

कुटपिटबाट घाईते भएका माओवादीका उमेदवार विरेन्द्रसहित घाईते भएका १५ जनाको विरगंजसहितका विभिन्न अस्पतालहरुमा उपचार भइरहेको छ । दुई पक्षबीच कुटाकुट भएपछि नेकपा एमाले, नेपाली कांग्रेस, जनमत पार्टी र स्वतन्त्र उम्मेदवारले संयुक्त विज्ञप्ती जारी गर्दै मतदान स्थगित गर्न अनुरोध गरेका थिए ।

# त्रिविले आइतबार बिदा नगर्ने



**काठमाडौं/मस–** त्रिभुवन विश्वविद्यालय अन्तर्गतका कुनैपनि निकायमा आइतबार बिदा नहुने भएको छ । विश्वविद्यालयले आइतबार सूचना प्रकाशित गर्दै विश्वविद्यालयका कुनैपनि निकायमा आइतबार बिदा नगर्ने जानकारी दिएको छ ।

जारी विज्ञप्तिका अनुसार शैक्षिक पात्रो पहिले नै ढिलो भइसकेको र दुई दिन बिदा दिँदा झनै धकेलिने भन्दै बिदा नहुने जनाइएको छ । त्यसैगरी स्वास्थ्य सेवा दिने शिक्षण अस्पतालहरुमा पनि असर गर्ने भएको कारण दुई दिन बिदा कार्यान्वयन नगर्ने जनाएको हो ।

विश्वविद्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकारले परीक्षणको रूपमा संवत् २०७९ साल जेठ १ गतेदेखि लागू हुने गरी हप्तामा दुई दिन (प्रत्येक शनिबार र आइतबार) सार्वजनिक बिदा दिने गरी सूचना प्रकाशित गरेको सन्दर्भमा त्रिभुवन विश्वविद्यालयमा कोभिडको असरका कारणले शैक्षिक पात्रो ढिलो भएको, पठनपाठन र परीक्षाका तालिकाहरू पहिले नै निर्धारण भइसकेको तथा विश्वविद्यालयको पाठ्यक्रमको संरचनासमेत छ कार्य दिनलाई ध्यानमा राखेर निर्माण भइसकेको हुँदा विद्यार्थीहरूको पठनपाठन र विश्वविद्यालयबाट प्रदान गरिने स्वास्थ्य सेवा लगायत अन्य सेवाहरुलाई नियमित रूपमा सञ्चालन गर्न आवश्यक भएकोले अर्को सूचना जारी नभएसम्मका लागि साविक बमोजिम नै आइतबार समेत विश्वविद्यालयका सेवाहरू सञ्चालनमा रहने हुँदा सम्बन्धित सबैको लागि यो सूचना जारी गरिएको छ ।'

# मुख्य निर्वाचन अधिकृतद्वारा राजीनामा

**उदयपुर/मस–** उदयपुरका मुख्य निर्वाचन अधिकृत तथा जिल्ला न्यायाधीश दीपक खनालले जिल्लामा निर्वाचनको मत गणना सम्पन्न नहुँदै मुख्य निर्वाचन अधिकृतको कार्यभारबाट राजीनामा दिएका छन् ।

आइतबार मुख्य निर्वाचन अधिकृत खनालले आफूले स्वास्थ्यको कारण पदभार र कार्य पूरा गर्न नसकेको कारण देखाएर राजीनामा दिनुपरेको कुरा मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

जिल्लाको ९८ मतदान केन्द्रको मतगणना कार्यहरु बाँकी रहेको र जिल्लाकै त्रियुगा नगरपालिका-१२ स्थित जनप्रेमी मतदान केन्द्रमा शुक्रबार मतदान अधिकृतको लापरबाहीका कारण दुई हजार मतदाता मतदान गर्नबाट वञ्चित रहेपछि सो मतदान केन्द्रमा पुनः मतदान गर्नुपर्ने राजनीतिक दलहरुको माग उठिरहेको बेला मुख्य निर्वाचन अधिकृत खनालले राजीनामा दिएको बताए ।

ZERO COST RECRUITMENT IN MALAYSIA
मलेशियामा शुन्य लागतमा रोजगार

कम्पनीको नामः BUNGE LODERS CROKLAAN OILS SDN. BHD.
पुर्व स्विकृति मितिः 2020.03.10 चलानी नं. 60153211 LT No. 234616 पून:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 62 | 1200 | 34777 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

BUNGE LODERS CROKLAAN OILS SDN. BHD. doesnot impose any Recruitment/Placement fee for this Employment.
बन्जी लोडर्स क्रोक्लान आयल्स एसडिएन बिएचडिले यस रोजगारीको लागि कुनै भर्ती / प्लेसमेन्ट शुल्क लगाउँदैन ।
Applicants are requested to submit their application directly without any mediator.
आबेदकहरुलाई कुनै पनि मध्यस्थ बिना सीधा आफ्नो आवेदन पेश गर्न अनुरोध गरिन्छ ।
अन्तरवार्ताः २०७९ जेठ ९ र १० गते (23, 24 May 2022) मेनपावर कार्यालयमा हुनेछ ।
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क
श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५
तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, ९८४१०३६७१३

HOSPITALITY & HOTEL MANAGEMENT COURSES
होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस् ।
Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.


तालिमपछि रोजगारको ग्यारेन्टी
VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com



सम्पादकीय

## गणनाको गञ्जागोल

स्थानीय चुनाव भएको तीन दिन बितिसक्यो। तर अधिकांश स्थानीय तहको गणना प्रारम्भिक चरणमै छ । चार दर्जन स्थानीय तहको पनि अन्तिम नतिजा आउन सकेको छैन। जबकी केही स्थानीय तहमा निर्विरोध नतिजा आएको थियो । थोरै मतदान भएका स्थानीय तहको समेत नतिजा सार्वजनिक हुन सकेको छैन । अहिलेकै गति कायम रहने हो भने ठूला शहरहरूको नतिजा आउन कयौ दिन लाग्ने अनुमान गरिदैछ । महानगरहरूको गणना अझ सुस्त छ । उम्मेद्वार संख्या धेरै हुनु र गणना संख्या थोरै हुनुले विलम्ब भइरहेको छ। राजधानी उपत्यका रहेको काठमाडौं महानगरपालिकामा दुई वटा वडाको पनि नतिजा टुंगिएको छैन । शुक्रबार मतदान भएको काठमाडौंमा आइतबार मात्रै वडा नम्बर एकको नतिजा अन्तिम आएको छ । ३२ वटै वडाको गणना सकिने कति समय लाग्छ भन्ने एकिन छैन।

राजधानीका अर्का महानगर ललितपुर सहित अन्य नगरपालिका र गाउँपालिकाको गणना अत्यन्तै ढिलो भइरहेको छ। उपत्यका बाहिरको नतिजा पनि आउन पनि उत्तिकै समय लाग्ने देखिन्छ । कतिपय स्थानीय तहको गणनाका क्रममा विवाद भएर ढिलाइ भइरहेको छ भने कतिपयमा मत गणना संख्या नै अति कम छ। यस्तो समस्या यसअघिका निर्वाचनमा पनि देखिने गरेको थियो। तर त्यसमा सुधार नगरिएको तथ्य यसपटक पनि देखिएको छ। कतिपय स्थानीय तहमा भने निर्वाचन नै रोकिएको छ । निर्वाचन रोकिएका ठाउँहरूमा फेरि निर्वाचन हुँदैछ।

जबकी आगामी ६ जेठदेखि वर्तमान जनप्रतिनिधिहरू रिक्त हुँदैछन्। निर्वाचन आयोगले ३० वैशाखमा स्थानीय चुनावको मिति घोषणा गर्दै संविधानको यो व्यवस्था पालना हुने जनाएको पनि थियो। तर त्यसअनुसार गणनाको व्यवस्था भने गर्न सकेको देखिएन । यदि जनप्रतिनिधि रिक्त नहुनेगरी गणना गर्ने व्यवस्था भएको भए अहिलेको गतिमा नतिजा रोकिने थिएन। अर्कातिर स्वयम् दलहरूकै कारण पनि गणनामा ढिलाइ भइरहेको छ। एकापसमा विश्वास नहुँदा दलहरूले गणनाका क्रममा विवाद गरिरहेका छन्। त्यो अनावश्यक विवादको परिणाम गणनामा ढिलाइ हुनु हो । यसले आम चासोलाई लम्ब्याउने मात्रै गरिरहेको छैन, ढिलो गणना गर्नु मुलुकको परिचय हो भन्ने समेत स्थापित गर्न बल पुगिरहेको छ । तसर्थ अहिलेको गणनामा सुधार जरूरी छ।

# लुम्बिनी क्षेत्रको पर्यटन विकास र वास्तविकता


लुम्बिनी भित्र र बाहिर बिलकुल भिन्न सोच र यर्थाथता छ । कोषको गुरूयोजनाको विपरित गएर लुम्बिनी भित्र र बाहिर धेरै गैरयोजनागत कामहरु भएका छन् । जसको लगाम कोष र स्थानीय सरकारको नियन्त्रणमा निर्देशित हुन सकेको छैन ।

अग्रलेख



● डा. उद्धव पुरी

गौतम बुद्धको जन्मस्थल लुम्बिनी धार्मिक र सांस्कृतिक पर्यटनका अर्थमा ज्यादै महत्वको क्षेत्र हो। यो पवित्र तीर्थस्थल मात्र नभएर संसारभरका अनुसन्धानकर्ता, विज्ञ र सर्वसाधारणका लागि इतिहास र पुरातत्वका लागि त्यतिकै ज्ञानपूर्ण पनि छ। अहिंसा, शान्ती र मैत्रीका प्रवर्द्धक बुद्धको शिक्षा अहिले पनि संसारभर फैलिँदै छ। उनको शिक्षा मानव जीवन उपयोगी भएका कारण यसको महत्व बढिरहेकै छ। यसकारण पनि लुम्बिनी र बुद्धसँग सम्बन्धित अन्य क्षेत्रहरू सधै जीवन्त रहिरहन्छन् भन्ने ठानिन्छ। तर लुम्बिनी पवित्रताको अर्थमा जति महत्व राख्दछ त्यति नै राज्यले त्यस क्षेत्रबाट फाइदा उठाउन सकेको छैन । यसको व्यवस्थापनमा राज्य सधैँ नै चुकिरहेको छ। आर्थिक रूपमा यो राज्यको लागि ठूलो हिस्सा ओगट्ने क्षेत्र बन्नु पर्नेमा यस क्षेत्रमा भएको देशी विदेशी लगानी एक प्रकारले बालुमामा पानी खनाए झैँ भैरहेको देखिन्छ। अर्थात् लगानीको हिसावमा आम्दानी प्रायः शून्य छ । अन्तराष्ट्रियरूपमा गुरूयोजना तयार भै कार्यान्वयन पक्षमा रहे पनि बन्दै गएको गुरूयोजनाको रूप सरकारका उच्च पदस्थ र लुम्बिनी विकास कोषका पदाधिकारीहरूका मनोमौजी तयार भइरहेका छन्। त्यसो त लुम्बिनीमा रहेका अधिकांश बिहारहरूले पनि गलत परिपाटीको थालनी सुरुदेखि नै गर्दै आएका छन्। त्यसैले लुम्बिनीलाई बनाए भन्नु भन्दा पनि यसलाई व्यवस्थित बनाएर त्यसबाट राष्ट्रिय आयको विशेष स्रोत केन्द्र बनाउन सक्नु उपलब्धिपूर्ण मानिने छ। यहाँ अहिले स्थानीय तहदेखि केन्द्रीय स्तरसम्म धार्मिक, सामाजिक, पर्यटन र सुशासनका विविध समस्याहरू छन्।



### लुम्बिनी विकास कोष

लुम्बिनीको पहिचान पछि लुम्बिनीको विकासका लागि विभिन्न समितिहरू बने। अन्ततः गुरूयोजनाको कार्यान्यवयको थालनीसँगै नेपाल सरकारले अधिकार सम्पन्न विकास कोषको परिकल्पना गरी यसलाई स्वायत्तता दिएर स्थापना गऱ्यो । तर यो कहिल्यै पूर्ण अधिकार सम्पन्न हुन सकेन । यसका पदाधिकारीहरूको नियुक्ति पञ्चायत कालमा राजा वा राजपरिवारको चाहनामा आसेपासेहरू बने भने बहुदलीय व्यवस्था पछि सम्बन्धित मन्त्री तथा प्रधानमन्त्रीको इच्छामा हुन थाल्यो । बौद्ध धर्म, संस्कृति, पर्यटन र कुशल व्यवस्थापक भन्दा पनि राजनैतिक रंगले रंगीचंगीहरूको जमघट स्थल बन्न थाल्यो । बिगतदेखि नै बौद्ध र गैरबौद्ध भनि रस्साकस्सी पनि चल्दै आयो। पछिल्ला दिनहरूमा पदाधिकारी नियुक्तिमा पैसाको चलखेल भएको भन्ने चर्चामा पनि आउन थाल्यो । कतिपय समयमा त एकै सरकार र दल भए पनि सम्बन्धित मन्त्री र प्रधानमन्त्री परिवर्तन हुँदा पनि पदाधिकारीको फेरबदल हुन थाल्यो र अदालतसम्म पुग्न थाले । विस्तारै कोषमा भर्तीकेन्द्रको रूपमा विभिन्न दलगतकर्मीहरू पनि थपिन थाले । कर्मचारीहरू पनि प्रष्ट रूपमा दलीय राजनीति गर्न थाले। विधि विधान बिना स्थायी, अस्थायी, करार र ज्यालादारी कर्मचारीहरू बढ्न थाले। उनीहरूका वर्गीय राजनीतिमा पनि कोष ग्रसित भइरहन थालेका छ । कोषको ऐन नियमहरू पनि समय अनुकुल संशोधन र परिमार्जन हुन सकिरहेको छैन। स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारका लुम्बिनी सम्बन्धित नीति नियम वा कानुनको सहजीकरण र सहकार्य अनुकूल बन्न सकेको पनि छैन। जसले गर्दा लुम्बिनी र त्यस क्षेत्रका विकास एवम् सुशासन कार्य कछुवाको गतिमा छ भने योजनाबमोजिम हुन सकेको छैन ।

### स्थानीय सहभागिता र सहकार्य

लुम्बिनी विकासको गुरूयोजनाको कार्यान्वयनका लागि नेपाल सरकारले त्यहाँ करिब ११५० बिगाहभन्दा क्षेत्रफल स्थानीयको जमीन अधिकरण गरेको थियो। जुन कार्य चुनौतिपूर्ण नै थियो। धेरै स्थानीयहरू त्यहाँबाट बिस्थापित भए । हाल लुम्बिनीका तीन माइलभन्दा वरिपरि हिन्दू र मुस्लिम समुदायको बस्ती छ। हाल नगरपालिकाका रूपमा रहेको लुम्बिनी क्षेत्रमा पश्चिम र दक्षिण तर्फ बाक्लो रूपमा मुसलमानहरूको बस्ती छ भने अन्यत्र तराई मूलका विभिन्न जातजातिहरू छन्। लुम्बिनीको विकाससँगै अन्यत्रका मानिसहरूको पनि बस्ती बढ्दै गएको छ । धर्म एवम् संस्कृतिका हिसाबमा त्यहाँ कुनै पुरानो बौद्ध बस्ती भने छैन । लुम्बिनीमा मानव निर्मित जंगलको विकास गरेपछि ककरहवा तिरको भारतीय जंगलबाट निलगाई र पछि बदैंल लगायतका जंगली जनावरहरू पनि आएका थिए। सुरुमा बाँदर नदेखिए पनि अहिले अत्याधिक बादरहरू हुर्केका छन्। सारसलगायत बिभिन्न चरा चुरुङ्गीहरू पनि त्यहाँ रहेका छन्।

*लुम्बिनी पवित्रताको अर्थमा जति महत्व राख्दछ त्यति नै राज्यले त्यस क्षेत्रबाट फाइदा उठाउन सकेको छैन। यसको व्यवस्थापनमा राज्य सधैँ नै चुकिरहेको छ। आर्थिक रूपमा यो राज्यको लागि ठूलो हिस्सा ओगट्ने क्षेत्र बन्नु पर्नेमा यस क्षेत्रमा भएको देशी विदेशी लगानी एक प्रकारले बालुमामा पानी खनाए झैँ भैरहेको देखिन्छ।*

बेग्लै धर्म संस्कृतिका बासिन्दाहरूका बीचमा लुम्बिनी भए पनि त्यहाँ धार्मिक र सांस्कृतिक विभेद र लडाईं भने छैन । सबैले लुम्बिनी क्षेत्रका विकास होस् भन्ने नै चाहेको देखिन्छ। तर स्थानीय जनता र कोषबीच भने जगा अधिकरण गर्दादेखि नै केही बेमेल भने छ। कतिले अहिलेसम्म पनि उचित मुवाब्जा पाउन सकेका छैनन्। सुरुदेखि नै घरायसी प्रयोजनका लागि रुखहरू लग्ने र दाहसंस्कार गर्दा चाहिने दाउरा त्यहीँबाट लाने चलन पनि छ। जुन बेला-बेलामा विवादको विषय बन्ने गर्दछ। रोजगारी र व्यापार व्यवसायको अर्थमा पनि स्थानीय र कोषबीच राम्रो समझदारी छैन। कोषभित्र रहेका केही स्थानीय कर्मचारी र अन्य कर्मचारीहरू बीच पनि फाटो झन् झन् बढिरहेको देखिन्छ । उनीहरु माथिल्लो तहसम्म पुग्न सकेका पनि छैनन्। बरु हाल कोषको उपाध्यक्ष भने स्थानीय बनेका छन् । समग्रमा हेर्दा, स्थानीयले आफ्नो क्षेत्रमा लुम्बिनीका कारण राम्रो विकास होस् र त्यसबाट स्थानीयले पनि उपयुक्त फाइदा उठाउन सकुन् भन्ने मनसाय राखे पनि कोषले त्यस तर्फ उल्लेख्य योजना तयार गर्न सकेको छैन भने जनसहभागिता र जनचासोको आधारमा सहकार्य गर्न भने अझै सकेको देखिँदैन ।

### पर्यटन र व्यवसाय

धार्मिक, सांस्कृतिक, पर्यावरण, ग्रामीण पर्यटन र अध्ययन तथा अनुसन्धानलगायतको लागि लुम्बिनी र गौतम बुद्धसँग सम्बन्धित अन्य क्षेत्रहरू विश्व पर्यटन र पर्यटन व्यवसायको लागि एक मुख्य गन्तव्य हो। स्थानीय र अन्य स्वदेशी तथा विदेशी पर्यटन व्यवसायीहरूका लागि अति नै उर्वर सदावहार क्षेत्र पनि हो। जसबाट राज्यले कम लगानीमा राष्ट्रिय अर्थतन्त्रमा ठूलो हिंसा प्राप्त गर्न सक्ने क्षेत्र पनि हो । तर विगतदेखि नै लुम्बिनी र त्यस क्षेत्रको विकास र व्यवस्थापन त्यस किसिमले हुन सकेको छैन। यातायात र व्यवसायिक व्यवस्थापनका लागि त्यति बिग्न समस्या नभए पनि उचित योजना, परियोजना र त्यसको तारतम्य व्यवस्थित र भरपर्दो नहुँदा केही निश्चित व्यक्ति विशेषले आफूखुसी फाइदा उठाउने बाहेक अरु धेरै हुन सकेको छैन। लुम्बिनी भित्र र बाहिर यस विषयमा बिलकूल भिन्न सोच र यर्थाथता छ। कोषको वा सरकार र गुरूयोजनाको विपरित गएर लुम्बिनी भित्र र बाहिर धेरै गैरयोजनागत कामहरु भएका छन्। जसको लगाम कोष र स्थानीय सरकारको नियन्त्रणमा निर्देशित हुन सकेको छैन।

लुम्बिनी भित्र निमार्ण भएका अधिकांश देश वा संस्थाका बिहार र गुम्बाहरूले गुरूयोजना विपरित आगन्तुक गृह वा आवासगृहहरू बनाएका छन्। जहाँ एउटै बिहारमा चार/पाँच सयभन्दा बढी मानिसहरू बस्न र खान सक्दछन्। उनीहरूले यसलाई आफ्नो आम्दानीको मुख्य स्रोत बनाएका छन्। जुन गुरूयोजनाको विपरित कार्य हो । गुरूयोजनाअनुसार बिहार क्षेत्रमा पाँच जना भिक्षु, पाँच जना अन्य कर्मचारीभन्दा बढीले नियमित बस्न सरकारी अनुमति नै छैन। केही भिक्षु तथा भिक्षुनी वा नजिकका सम्बन्धित केही दिन बस्नमात्र पुग्ने गरी मन्दिर बाहेकको निमार्ण हुनुपर्ने हो तर, सबैजसो बिहारले मन्दिरलाई भन्दा आवासगृहलाई बढी महत्व दिएका छन् र सोही अनुरूप निमार्ण कार्य गरेका पनि छन्। यस कार्यले लुम्बिनी बाहिर पर्यटन व्यवसाय गर्नेहरूलाई प्रत्यक्ष असर गरिरहेको छ। बाहिर सञ्चालित होटेल लजहरू त्यति व्यवस्थित र स्तरीय बन्न सकेका छैनन्। हुनत अहिले व्यवसायीहरूका संघ रहे पनि त्यसले सबै व्यवसायीहरूलाई समेट्न र सहकार्य गर्न गराउन सकेको छैन। केही ठूला व्यवसायीहरूले विगतदेखि नै आफ्नो एकाधिकार र एक प्रकारले लुटतन्त्र कायमै राखेका छन्। जुन साना र मझौला व्यवसायीहरूका लागि अनुकूल पनि बन्न सकिरहेको छैन। लुम्बिनी बाहिरका व्यवसायीहरूले बेला बेलामा आफ्नो आवाज उठाए र आन्दोलनसमेत गरी केन्द्रीय सरकारसम्म पुऱ्याउने गरे पनि त्यसको उचित सुनुवाई भैरहेको छैन। त्यसैगरी स्थानीय घरेलु उद्योग, स्थानीय उत्पादन, कला, संस्कृति आदिका लागि पनि सम्बन्धित पक्षले पर्यटनसँग जोडेर कुनै कार्यगत योजना सञ्चालन गरेको पनि देखिँदैन।

### सुझाव

विश्व पर्यटनको महत्वपूर्ण गन्तव्य लुम्बिनी क्षेत्रको पर्यटकीय व्यवस्थापनमा बाहिरी पूर्वाधारहरू त्यति कमजोर छैनन्। अन्तराष्ट्रिय हवाई सेवादेखि स्थलगत यातायात र आवत जावतका क्रममा चाहिने आवास भोजनका लागि पनि यहाँसम्म पुग्नलाई कुनै समस्या छैन। तर पनि लुम्बिनी र त्यस क्षेत्रको पर्यटकीय विकासमा विगतदेखि अहिलेसम्म सम्बन्धित पक्षहरूको समन्वय र सहकार्यको कमी नै हो। त्यसैगरी सरकारी र गैरसरकारी पक्षबाट भएका नीति नियमहरूको पालना नहुनु र भएका ऐन, नियम र नीतिलाई समयअनुरूप परिमार्जन नगर्नु वा त्यसलाई मूल विषय बनाएर नियमित नेतृत्व गर्ने पक्ष नहुनु नै समस्याहरू एक पछि थपिदैँ गएका हुन्। कोष, स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारबीचको समन्वय नभएका कारण भएका केही लगानीहरू पनि त्यति फलदायी हुन सकेका छैनन्।

समग्र लुम्बिनीको सुधार र पर्यटन विकासका लागि पहिलो चरणमा त्यहाँ भित्र र बाहिर भएका अव्यवस्था र बेथितिको पहिचान हुन जरुरी छ। थप बेथितिलाई नियन्त्रण गरी पुराना गैरन्यायिक कुराहरूलाई समाधान गर्दै जाने आँट कोष र स्थानीय सरकारमा हुनु पर्दछ। दोस्रो चरणमा लुम्बिनी त्यससँग सम्बन्धित क्षेत्रको पर्यटन विकासका लागि राष्ट्रिय तहदेखि स्थानीय तहसम्म स्थानीय स्रोत र साधनको प्रयोग हुनेगरी गुरूयोजना, योजना र परियोजना तयार गरी चरणबद्ध कार्यान्वयन र अनुगमन हुनु पर्दछ। तेस्रो, चरणमा लुम्बिनी, कपिलवस्तु लगायत बुद्धसँग सम्बन्धित अन्य क्षेत्रका बासिन्दाहरूको सहकार्य र समर्थनमा कोष र अन्य सरकार अगाडि बढ्न तत्पर हुनपर्दछ। त्यसैगरी त्यसबाट प्राप्त आर्थिक र अन्य प्रतिफलको हिस्सा स्थानीय तहमा महसुस हुने गरी पुऱ्याउन सक्नु पर्दछ। जसले लुम्बिनी र त्यस क्षेत्रको विकासमा अफनत्व बढ्दछ भने समग्र विकासमा गतिशिलता थप्दछ।

सामाजिक सञ्जाल



- डा. सुन्दरी पोखरेल

प्रारम्भिक मत परिणाम हेर्दा गठबन्धनले ठूला पार्टीलाई मात्र फाइदा पुगेको देखिँदै छ। गठबन्धनलाई बेवास्ता गरेर मतदाताले साना पार्टीलाई मत नदिएर कांग्रेस एमालेलाई नै मत दिएको देखियो। अपवादमा केही ठाउँमा स्वतन्त्र उम्मेदवार अगाडि छन्। देश दुई दलीय बाटोमा गयो।



- प्रा. डा. जागेश्वर गौतम

यो भैरहेको मतगणनाको गति हेर्दा के लाग्छ, हामी अझै धेरै पछाडी छौँ । यति धेरै आइटीको विकास भइसक्दा पनि भोटिङ्ग मेसिनको प्रयोग गर्न सकेका छैनौ। हैन भोटिङ्ग मेसिन प्रयोग गर्न हामी कहिल्यै सक्दैनौ ?



- उद्धवराज भेटवाल

आफ्नो पार्टी बनाउन नसकेर, राजनीति गाह्रो रहेछ भन्दै सुस्ताएर, विदेश पलायन भएर, वैकल्पिक राजनीतिमा आगो लगाएर, खरानी धसेर हिँडेका केही फकिरहरू बालेनको मत गन्दै मनको लड्डु घ्यूसँग खाँदैछन्। बालेनलाई आएको भोट यथास्थितिबाट परिवर्तनको खोजी हो। कुनै अमुक दल वा झुण्डको त्यसमा योगदान छैन।



- सुर्यराज आचार्य

काठमाडौंमा बालेनको अग्रता बढ्दै गर्दा 'जितेर पो क्यार्नि, यौटो मेयर जितेको भरमा काम गर्नै दिँदैनन्' भन्ने केहिको चिन्ता/आशंका। त्यसको पनि राम्रै सन्देश जाला। मेयर मात्र जिताएर पुग्दो रहेनछ, वडाका पदाधिकारीमा पनि जिताउनु पर्ने रैछ भन्ने कुरा मतदातालाई बुझ्न/बुझाउन सजिलो होला।



- श्रीकुमार केन्याई

'एउटा व्यक्तीले खै के काम गर्ला' खाली निराशा र हुतिहारा निश्कर्ष मात्र हामीलाई आउनु पर्ने हो ? अब युवाको हातमा सत्ता गयो, हेर्नु होला सबैले साथ दिन्छन्। विकास निर्माण र सुशासनको लागि अरूले छातीमा हात राखेर जनतालाई गरेको बाचा पुरा गर्नु छ।

# मानव कल्याणका लागि बुद्धको मार्ग

विचार



● मोहन सिंह

विजय र पराजयको अनुभूति नै हाम्रो सुख र दुःखको कारण हो भन्ने महात्मा गौतम बुद्धको मान्यता थियो । जयको भावनाबाट शत्रुताको जन्म हुन्छ, हारको भावनाबाट दुःख उत्पन्न हुन्छ, बरु मित्रताको भावनाको महत्व बताउँदै भगवान बुद्धले मैत्रीभाव सुतमा भन्नु भएको छ - प्रेमका सबै कर्महरू मित्रताको सोह्रौं कला बराबर हुँदैनन्, अहिंसा, परोपकारको भावना र जीवित प्राणीहरूप्रति करुणा जस्ता गौरव मूल्यहरूप्रति आम मानिसलाई संवेदनशील बनाउनुपर्ने हुन्छ।

सद्धर्म पुण्डरिकामा यस लोकधर्मको बारेमा भनिएको छ- तथागतका सबै अनुयायीहरूमध्ये जसले यस सूत्रलाई आत्मसंयमका साथ मनमा धारण गरेको छ, उसैलाई धर्मको धुरी ग्रहण गर्नेहरूमध्ये अग्रणी मानिनेछ।

### बुद्ध पूर्णिमाको महत्व

महात्मा बुद्धको जीवनमा बुद्ध पूर्णिमाको विशेष महत्व छ। उहाँको जीवनमा जन्म, ज्ञान र महापरिनिर्वाणको संयोग पनि वैशाख पूर्णिमाको दिन भएको थियो । उहाँले गयाको बोधिवृक्षमुनि ६ वर्षको कठोर तपस्यापछि ज्ञान प्राप्ति गरि काशीको इसिपटनम (सारनाथ) मा आफ्ना शिष्यहरूलाई उपदेश दिएर करिब ४५ वर्षसम्म (चातुर्मास बाहेक) अथक रूपमा अध्यापन र उपदेश दिने यो प्रक्रियालाई निरन्तरता दिनुभएको थियो।

*विजय र पराजयको अनुभूति नै हाम्रो सुख र दुःखको कारण हो भन्ने महात्मा गौतम बुद्धको मान्यता थियो। जयको भावनाबाट शत्रुताको जन्म हुन्छ, हारको भावनाबाट दुःख उत्पन्न हुन्छ, बरू मित्रताको भावनाबाट मानिसले सही मार्ग प्राप्त गर्छ भन्ने शिक्षा बुद्धको छ।*

कडा परिश्रमपछि जीर्ण शरीर भएपछि कुशीनगरमा पूर्णिमाको दिन ८० वर्षको उमेरमा भगवान बुद्धले महापरिनिर्वाण यात्रा तय गर्नुभएको थियो। सारनाथमा प्राच्य संस्कृति परिषद्को चौथो सत्रलाई सम्बोधन गर्दै आचार्य हजारीप्रसादले भन्नुभएको छ, "बुद्धदेव र महान् बुद्ध धर्मले विश्व मानव समाजका बीच सही खालको सांस्कृतिक पुल निर्माण गरेको छ।" आचार्य द्विवेदी हामीलाई सचेत गराउँदै भन्नुहुन्छ, "हामी हाम्रा ऐतिहासिक र सांस्कृतिक सम्बन्धहरूको बारेमा धेरै कम जान्दछौं। जे थाहा छ, त्यो अपूर्ण विश्वासका साथ अपूर्ण ज्ञानको आधारमा लिइन्छ। यो काम समय र सावधानीका साथ गर्नुपर्छ। सत्य धर्मको आधार हो। हाम्रो संस्कृतिको अभिव्यक्तिको माध्यम हो।"

केही समयसम्म विश्वको दुई तिहाइ भू-भाग आफ्नो प्रभावमा परेको बुद्ध धर्म सत्य, अहिंसा, करुणा, मित्रता, अपरिग्रह, अस्तेयको अभ्यासका कारण जीवित रह्यो। तर बौद्ध विहारमा रहेका बौद्ध भिक्षुहरूको आचरणको कारण बौद्ध विहारहरू बिना ध्यान र विलासिताको केन्द्र बन्न पुगे। महान् अशोक-कनिष्क र हर्षको राजतन्त्रको अन्त्य भयो। ठूला राजपरिवारका महिलाहरु बुद्ध मठमा निर्वाध प्रवेश गर्न थाले। सबै ठाउँमा महात्मा बुद्धले बनाएको नैतिक नियमलाई वेवास्ता गर्न थालियो। महात्मा बुद्धले आफ्ना प्रिय शिष्य आनन्दलाई भन्नुभएको थियो, "अब यो धर्म पाँच सय वर्षभन्दा बढी टिक्दैन। यो संसारमा दुःख छ, दुःखको कारण छ, दुःखको अन्त्य पनि सम्भव छ र दुःखको उपाय पनि छ।"

ज्ञान-इच्छा र कर्मको यस त्रिविध संसारमा महात्मा बुद्धले मानव इच्छालाई दुःखको मूल कारण बताउनुभएको छ। ऋषि कवि कालिदासले आफ्नो रचना 'मेघदूत' मा भन्नुभएको छ, "सिद्ध पुरुषको धन जतिसुकै होस्, त्यसको एकमात्र फल दुःखीको दुःख हटाउनु हो।"

यो तथ्य बोधिचार्यवतार नामक ग्रन्थमा पुष्टि भएको छ- अन्य प्राणीको दुःखको समाधानमा उठ्ने आनन्दको सागर नै सबै कुरा हो। आफ्नो लागि नीरस मोक्ष प्राप्त गर्नुमा के छ, किनकि मानव जीवन दुर्लभ छ। मार्कण्डेय पुराणमा पनि भनिएको छ- मनुष्यः कुरुते ततु यन्न शाक्यम् सुरसुरैः (मानिसले जे गर्न सक्छ, स्वर्गका देवताहरूले पनि गर्न सक्दैनन्।) ***अमर उज्यालाबाट***

# गहुँ निर्यातमा भारतको प्रतिबन्धले विश्व बजारमा हलचल



**काठमाडौं/एजेन्सी–** भारतले गहुँ निर्यातमा प्रतिबन्ध लगाएको छ । खाद्य सुरक्षाको जोखिम रहेको भन्दै तत्काल लागू हुने गरी प्रतिबन्ध लगाएको हो । घरेलु बजारमा गहुँको भाउ बढ्दै गएपछि भारतले यस्तो निर्णय गरेको आधिकारिक सूचनामा उल्लेख छ । आंशिक रूपमा युक्रेन युद्ध र बढ्दो तापमानलाई उच्च मूल्यवृद्धिको कारक मानिएको छ ।

यस सम्बन्धमा सरकारले सूचनासमेत जारी गरेको छ। सूचनामा भारत, छिमेकी राष्ट्र र अन्य खाँचोमा परेका मुलुकको खाद्य सुरक्षा जोखिममा रहेको उल्लेख गरिएको छ । सरकारले 'देशको समग्र खाद्य सुरक्षा प्रबन्ध गर्न र छिमेकी देशहरूको आवश्यकतालाई समर्थन गर्न' यो कदम चालिएको बताएको छ ।

यद्यपि, यो आदेश पहिले नै सम्झौता गरिएका निर्यातहरूमा लागू हुने छैन । यसबाहेक भारत सरकारको अनुमतिमा केही सर्तसहित निर्यात जारी रहनेछ । एक वर्षअघि भारतको खुद्रा बजारमा गहुँको पिठोको औसत मूल्य प्रतिक्विन्टल २,८८० रुपैयाँ (भारतीय) थियो । अहिले बढेर प्रतिक्विन्टल ३,२९१ रुपैयाँ पुगेको छ । अर्थात् पछिल्लो एक वर्षमा खुद्रा बजारमा पिठोको मूल्य प्रतिक्विन्टल बरिब चार सय रुपैयाँले बढेको छ ।

यद्यपि, भारत विश्वका प्रमुख गहुँ निर्यातकर्ताहरूमा पर्दैन, तर उसको प्रतिबन्धले सीमित आपूर्तिका कारण बढेको विश्वव्यापी मूल्यलाई नयाँ उचाइमा पुर्‍याउन सक्छ । यसबाट विशेषगरी एसिया र अफ्रिकाका गरिब उपभोक्ताहरू मारमा पर्नेछन् । यसैबीच, औद्योगिक राष्ट्रहरूको समूह जी७ ले गहुँ निर्यातमा प्रतिबन्ध लगाउने भारतीय कदमको तत्काल निन्दा गरेको छ । जी७ का कृषिमन्त्रीहरूले शनिबार भारतको निर्णयको निन्दा गरेका हुन् ।

जर्मन कृषिमन्त्री जेम ओज्डमिरले यसैगरी सबैले निर्यात प्रतिबन्ध वा बजार बन्द गर्न थाले यसले संकटलाई अझ खराब अवस्थामा पुर्‍याउने बताएका छन् । 'हामी भारतलाई जी२० सदस्यको रूपमा आफ्नो जिम्मेवारी लिन आह्वान गर्छौं,' उनले भने । भारतीय अधिकारीहरूले यो प्रतिबन्ध स्थायी नहुने र परिमार्जन गर्न सकिने बताएका छन् ।

विश्वका प्रमुख गहुँ निर्यातकर्ता रुस, अमेरिका, क्यानडा, फ्रान्स र युक्रेन हुन् । यसमा ३० प्रतिशत हिस्सा रुस र युक्रेनको हुने गर्छ । अहिले यी दुई प्रमुख निर्यातकर्ता युद्ध गरिरहेका छन् । यसले गहुँको निर्यातलाई प्रभावित बनाएको छ र विश्वव्यापी मूल्य वृद्धिको कारण बनेको छ।

रुसी आक्रमणअघि युक्रेनले प्रतिमहिना ४.५ टन कृषिजन्य उत्पादन निर्यात गर्थ्यो । उसले विश्वको १२ प्रतिशत गहुँ, १५ प्रतिशत मकै र झण्डै आधा हिस्सा सूर्यमुखी तेल निर्यात गर्थ्यो । अहिले युक्रेनमा झण्डै दुई करोड टन गहुँ रहेको र तत्काल निर्यात गर्न आवश्यक रहेको जर्मन कृषिमन्त्री ओज्डमिरले बताए ।

# इरानले युरोपमा ग्यास निर्यात गर्ने



**काठमाडौं/एजेन्सी–** इरानले युरोपमा ग्यास निर्यात गर्ने सम्भावनाबारे विचार गरिरहेको जनाएको छ । यूक्रेनमा रूस र यूक्रेनबीच भएको युद्धका कारण ऊर्जाको मूल्य वृद्धि भएको पृष्ठभूमिमा आइतबार तेल मन्त्रालयका एक अधिकारीले ग्यास निर्यात गर्ने सम्भावनाबारे छलफल भइरहेको जनाए ।

इरानको राज्य सञ्चालित समाचार संस्था शानाले मन्त्रालयका इन्धनमामिला उप–मन्त्री माजिद चेगेनीलाई उद्धृत गर्दै भनेको छ, 'इरानले यो विषयमा अध्ययन गरिरहेको छ तर हामी अहिलेसम्म निष्कर्षमा पुगेका छैनौं ।'

'इरान सधैं ऊर्जा कूटनीतिको विकास र बजारको विस्तारको सम्भावनामाथि जोड दिन्छ,' उनले थपे । यद्यपि इरान विश्वकै सबैभन्दा ठूलो प्रमाणित ग्याँस भण्डार मध्ये एक हो, यसको उद्योग अमेरिकी प्रतिबन्धद्वारा प्रभावित भएको छ जुन सन् २०१८ मा वासिङ्टन तेहरान र विश्वशक्ति राष्ट्रहरूबीचको ऐतिहासिक आणविक सम्झौताबाट हटेपछि पुनः लागू गरिएको थियो ।

सन् २०१५ को आणविक सम्झौतालाई पुनर्जीवित गर्ने उद्देश्यले वार्ता गत वर्ष भियनामा सुरु भएको थियो तर उल्लेखनीय विषयहरूमा हुनुपर्ने उक्त वार्ता हप्तौंदेखि रोकिएको छ। फेब्रुअरीमा रूसद्वारा युक्रेनमा आक्रमण गरेपछि विश्वव्यापी तेल र ग्यासको मूल्य बढेको छ । धेरै यूरोपेली देशहरू रूसबाट ऊर्जा आयातमा निर्भर छन्

कीभले यूक्रेनको पूर्वमा रहेको प्रमुख ट्रान्जिट हबमार्फत् रुसले ग्यास आपूर्ति रोकेको बताएको छ। यसले गर्दा मस्कोको आक्रमणले यूरोपमा ऊर्जा संकट झनै खराब हुन सक्ने आशंका उत्पन्न भएको छ । गत वर्ष युरोपेली संघले लगभग १५५ अर्ब घन मिटर रूसी ग्याँस प्राप्त गरेको थियो र यो आयातको ४५ प्रतिशत हिस्सा हो। इरानका उप तेल मन्त्रीले पनि तेहरान र बगदादले केही हप्ताअघि समझदारी पत्रमा हस्ताक्षर गरेको कुरा पुष्टि गर्दै इस्लामिक गणतन्त्र इरानले इराकमा ग्याँस निर्यात बढाएको देख्ने पनि बताएका छन् ।

धेरै ग्यास भण्डारको बावजुद दशकौंको युद्ध र प्रतिबन्धको कारण तथा लगानी गर्ने अवस्था कमजोर बन्दा इराक आफ्नो पूर्वी छिमेकीबाट आयातमा निर्भर बन्ने गरेको छ । तथापि, इरानी तेल र ग्याँसमाथि अमेरिकी प्रतिबन्धले आयातका लागि इराकको भुक्तानीजटिल बनाएको छ ।

बग्दादले इरानमा अमेरिकी प्रतिबन्धबाट छुट पालन गर्न जटिल भुक्तानी विधि को प्रयोग गर्छ। खाद्य तथा औषधीहरूको आयातलाई वित्त पोषण गर्न भुक्तानी प्रयोग गर्नुपर्ने भएकोले इराकलाई केवल इरानलाई नगद हस्तान्तरण गर्न अनुमति दिइएको छैन ।

# दक्षिण कोरियाले उत्तर कोरियासँग कोभिड नियन्त्रणबारे वार्ता गर्ने



**काठमाडौं/एजेन्सी–** छिमेकी देशलाई रोगको फैलावट रोक्न मद्दत गर्ने उद्देश्यले दक्षिण कोरियाले अर्को हप्ता उत्तर कोरियासँग कोभिड–१९ राहत उपायहरूबारे छलफल गर्न चाहेको स्पुतनिकले उल्लेख गरेको छ ।

बिहीबार, प्योंगयांगले देशमा कोभिड–१९ संक्रमणको पहिलो लहर देखिएको जनाएको छ । थुप्रै नागरिकमा ओमिक्रोन बी ए संक्रमण पुष्टि भएको दक्षिण कोरियाली समाचार एजेन्सी योनहापले एक सरकारी अधिकारीलाई उद्धृत गर्दै आइतबार जनाएको छ । समाचार एजेन्सीका अनुसार दक्षिण कोरियाका नवनिर्वाचित राष्ट्रपति युन सुक–योलले शुक्रबार उत्तर कोरियालाई कोभिड–१९ को खोप र चिकित्सा उपकरण उपलब्ध गराउने प्रस्ताव राखेका छन् ।

योनहापले उद्धृत गर्दै दक्षिण कोरियाका एक वरिष्ठ अधिकारीले भने, 'सरकारले उत्तर कोरियालाई हप्ताको शुरुमा आधिकारिक रूपमा कार्य–स्तरीय बैठक आयोजना गर्ने प्रस्ताव गर्ने तयारी गरिरहेको छ ।'

यसैबीच उत्तर कोरियाली नेता किम जोङ उनले देशको राष्ट्रिय सुरक्षामा 'सुरक्षा शून्यता' हुन नदिन सबै मोर्चा, वायु र समुद्री सीमामा कडा निगरानी गर्न आदेश दिएको पनि, योनहाप समाचार एजेन्सीले उल्लेख गरेको छ । यसैगरी उत्तर कोरियाली अधिकारीहरूले नेताको निर्देशनमा सर्वोच्च आदेशको आपतकालीन एन्टि–इपिडेमिक प्रणाली चुस्त राखेका छन् ।

बिहीबार उत्तर कोरियाली नेताले मे ८ मा प्योंगयांगमा ओमिक्रोनको पहिलो संक्रमण फेला परेपछि त्यसबारे छलफल गर्न वरिष्ठ सरकारी अधिकारीहरूसँग बैठक गरेका थिए । नेता किमले कडारूपमा बन्दाबन्दी र महामारी रोकथाम प्रणालीलाई परिचालन गर्ने आदेश दिएका थिए ।

# फिनल्याण्ड र स्वीडेनको नाटो सदस्यतालाई टर्कीले समर्थन नगर्ने



**काठमाडौं/एजेन्सी–** टर्कीका राष्ट्रपति रिसेप तयिप एर्दोगानले उनको मुलुकले स्वीडेन र फिनल्याण्ड नाटोमा सहभागी हुने कुराको समर्थन गर्न नसक्ने बताएका छन् । युक्रेनमाथि रुसी आक्रमणपछि स्वीडेन र फिनल्याण्डको उच्च राजनीतिक तहमा नाटोको सदस्यता लिनुपर्ने वहस तिव्र बनेको छ। जनतामाझ पनि नाटोप्रतिको धाराणा निक्कै सकारात्मक बन्दै गएको छ ।

शुक्रबार पत्रकारहरुसँगको कुराकानीमा टर्कीका राष्ट्रपति एर्दोगानले दुई स्क्यान्डेनेभियन मुलुकले नाटोको सदस्यता चाहेको कुराप्रति उनको सरकारको 'सकारात्मक' नरहेको प्रतिक्रिया दिए। यसको कारण ती मुलुक 'आतंकवादी संगठनहरुको आश्रयस्थल' रहनु रहेको उनले आरोप लगाए । 'केही आतंकवादी संगठनका सदस्य ती देशमा सांसद समेत बनिसकेका छन्। यस्तोमा हामी तिनको सदस्यतालाई समर्थन गर्न सक्दैनौं,' एर्दोगानले भने । टर्कीले पहिलदेखि स्वीडेन तथा अन्य पश्चिमी युरोपेली मुलुकले आफूले 'आतंकवादी' मानेका संगठनप्रति नरम व्यवहार गरेको भन्दै असन्तुष्टि जनाउँदै आएको छ ।

टर्कीले आतकंवादी मानेका कुर्दिस्तान वकर्स पार्टी(पीकेके) र सिरियन कुर्दिस पुपिल्स प्रोटेक्स युनिट्स(युपिजी)का सदस्य ती मुलुकको शरणमा रहेको उसको दावी छ । टर्की नाटोका ३० मध्ये एक सदस्य हो। कुनै नयाँ मुलुक नाटोको सदस्य बन्नका लागि संगठनका सबै ३० सदस्यको समर्थन पाउनुपर्छ । एर्दोगानले विगतमा ग्रिसलाई नाटोमा समाबेश गरिनु गल्ती भएको उल्लेख गर्दै संगठनले पुन अर्को गल्ती गर्न नहुने बताए । ग्रिस र टर्कीबीच विभिन्न मुद्दामा विवाद छ। तथापि यी दुई मुलुक एकै वर्ष सन् १९५२ मा नाटोको सदस्य बनेका थिए ।

फिनल्याण्डका प्रधानमन्त्री एवं राष्ट्रपतिले गत बिहीबार 'ढिलो नगरी' नाटोमा सहभागीताका लागि दरखास्त दिनुपर्ने आह्वानमाझ एर्दोगानको यस्तो टिप्पणी आएको छ । यसअघि नै मस्कोले दुई स्केन्डेभियन मुलुकको नाटोको सदस्यता 'गम्भिर गल्ती हुने' र आफूले जवाफी कदम चाल्न बाध्य हुने बताए ।

# उत्तर कोरियामा कडा मापदण्ड



**काठमाडौं/एजेन्सी–** उत्तर कोरियाले कोभिड १९ को संक्रमणबाट नियन्त्रणका लागि निकै कडा मापदण्डहरु लागू गरेको छ । सो मापदण्डअनुसार यहाँ देशव्यापी रुपमा लकडाउन गरिएको छ । यहाँका नागरिकलाई घरबाट बाहिर निस्किन दिइएको छैन । तर पछिल्ला केही दिनयता ज्वरोका विरामीहरु बढेकाले उनीहरुको उपचारमा भने स्वास्थ्यकर्मीहरु परिचालन गरिएको बताइएको छ।

यहाँ शनिबार 'ज्वरो' बाट थप २१ जनाको मृत्यु भएको बताइएको थियो । उत्तर कोरियालमा पछिल्ला केही दिनहरुमा ज्वरोका विरामी बढेका पाइएको छ । ती ज्वरोका विरामीहरुमा कोभिड भएको आशंका पनि गरिएको छ । यहाँ कोभिड–१९ को पहिलो घटना पुष्टि भएको दुई दिनपछि देशव्यापी रूपमा पाँच लाख भन्दा बढी मानिस बिरामी परेको बताएको छ ।

उत्तर कोरियाली जनस्वस्थ्य मन्त्रालयको संयोजनमा ती ज्वरोका विरामीहरुको उपचारका काम भएको छ । यहाँ ज्वरो आउने विरामीको संख्या बढ्दै गएको पनि बताइएको छ । ती ज्वरोका विरामीमा कोभिडको संक्रमण भएको आशंका गरिएकाले उपचारमा पनि सतर्कता अपनाइएको बताइएको छ ।

यहाँका नागरिकले कोभिड विरुद्धको खोप लगाइएको छैन । यहाँ खोप नलगाएका मानिसहरु रहेकाले ज्वरोले थलिएका भनिएका यी मानिसमा पनि कोभिडको संक्रमण भएको हुनसक्ने आशंका गरिएको छ । उत्तर कोरियाको राजधानीमा अत्यधिक संक्रामक ओमिक्रोन भेरियन्ट पत्ता लागेका बिहीबार पुष्टि भएको थियो। त्यहाँ नेता किम जोंग उनले राष्ट्रव्यापी रुपमा लकडाउन गर्न आदेश दिए अनुसार देशव्यापी रुपमा लकडाउन भइरहेको बताइएको छ ।

यस्तै उत्तर कोरियाले आइतबार 'ज्वरो' बाट थप १५ जनाको मृत्यु भएको घोषणा गरेको छ । उनीहरुलाई कोभिड भएको आशंका पनि गरिएको छ। राज्यको आधिकारिक समाचार समिति केसिएनएले आइतबार प्रकोप शुरु भएदेखि ४२ जनाको मृत्यु भएको बताएको छ । जसमा आठ लाख २० हजार ६२० ज्वरो देखिएको ती मध्ये तीन लाख २४ हजार ५५० चिकित्सा उपचार प्राप्त गरेपछि निको भएका बताइएको छ ।

# 'युक्रेन आफ्नो भूभागलाई अलग्याउन सहमत हुँदैन'



**काठमाडौं/एजेन्सी–** युक्रेनका विदेश मन्त्री दिमित्री कुलेबाले आफ्नो लक्ष्य युक्रेनमा रुस विरुद्धको लडाइमा अत्यधिक हतियार आपूर्ति गर्ने भएको बताएका छन् । 'मेरो लक्ष्य युक्रेनलाई सकेसम्म धेरै हतियारहरू उपलब्ध गराउनु हो, रुस विरुद्ध सकेसम्म धेरै प्रतिबन्धहरू शुरु गर्नु र सकेसम्म विदेश पलायन गर्न बाध्य भएका धेरै युक्रेनीहरूलाई मद्दत गर्नु हो,' कुलेबाले भने ।

यसबाहेक, युक्रेनका विदेशमन्त्रीले युक्रेनको मुक्तिको समाधानको लागि युद्धविराम आवश्यक छ भने रूससँग युद्धविराम सम्झौतामा पुग्न आफूलाई कुनै संकोच नभएको बताएका छन् । यद्यपि, उनले थपे कि 'हामी युक्रेनको कुनै पनि भूभागलाई अलग्याउन सहमत छैनौं। हामी कूटनीतिको लागि तयार छौं तर हामी यसलाई हाम्रो पीडा विस्तार गर्न र युद्धको अर्को चरणमा प्रवेश गर्न दिने पक्षमा छैनौं ।'

गत फेब्रुअरी २४ मा रुसले युक्रेनबाट अलग भएका डोनेस्क र लुहान्स्कलाई स्वतन्त्र गणतन्त्र भनी मान्यता दिएको तीन दिनपछि युक्रेनमा सैन्य कारबाही शुरु गरेको थियो । रुसी रक्षा मन्त्रालयले यो कारबाही युक्रेनी सैन्य पूर्वाधारलाई मात्र लक्षित गरेको बताएको छ । तर पश्चिमी राष्ट्रहरूले रूस विरुद्ध व्यापक प्रतिबन्ध लगाएका छन् ।

# न्युयोर्कमा गोली प्रहारबाट १० जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** अमेरिकाको न्युयोर्क राज्यको बफेलोमा भएको गोली काण्डमा परेर कम्तीमा पनि १० जनाको ज्यान गएको छ। प्राप्त समाचारमा यहाँको सुपरमार्केटमा शनिबार अपराह्न गोली चलेको हो । गोली लागेर अरु केही घाइते पनि भएका छन् ।

अमेरिकी समाचार समिति एसोसिएटेड प्रेस (एपी) का अनुसार शनिबार अपराह्नमा एकजना व्यक्ति सरासर सो सुपरमार्केटमा प्रवेश गरेर गोली चलाएको थियो ।सैनिकको पोशाकमा आएको एक युवकले गोली हानेको बताइएको छ । ती व्यक्तिले सो सुपरमार्केटमा रहेका कर्मचारीहरुमाथि अन्धाधुन्ध गोली चलाएको थियो ।

बफेलोका प्रहरी विभागका प्रमुखले गोली चलाउने व्यक्तिलाई नियन्त्रणमा लिइएको जनाएका छन् । उनले गोली प्रहार गरी हत्या गर्ने ती व्यक्तिलाई नियन्त्रणमा लिइएको ट्वीटरमार्फत् जानकारी दिएका हुन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले सो हत्याकाण्डको बारेमा जानकारी लिनुभएको ह्वाइट हाउसले जनाएको छ ।

# भारतमा थपिए २४ सय बढी संक्रमित



**काठमाडौं/एजेन्सी–** भारत २४ घण्टाको समयावधी अर्थात शनिबार मध्यरातिसम्म दुई हजार ४८७ व्यक्ति कोरोनाका थप संक्रमति भएपछि यहाँ कूल संक्रमतिको संख्या चार करोड ३१ लाख २१ हजार ५९९ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतबार बिहान जानकारी दिएको छ ।

विगत केही महिनायता न्यून विन्दुमा पुगेको कोरोना भाइरस संक्रमणको पुनःकेही दिनयता नयाँ संक्रमितको संख्या दुई हजार नाघेको छ । यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप १३ को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या पाँच लाख २४ हजार २१४ पुगेको छ। भारतभरी अझै पनि सक्रिय संक्रमित १७ हजार ६९२ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ।

चौविस घण्टाको समयावधी अर्थात शनिबार मध्यरातिसम्म दुई हजार ८७८ कोरोना निको भएका छन् । यसैसँगै हालसम्म चार करोड २५ लाख ७९ हजार ६९३ लाई कोरोना संक्रमण निको भएको छ ।



# बक्स अफिस समाचार

## प्रचारमा व्यस्त दयाहाङ



**काठमाडौं/मस–** कोरोना महामारी सामान्य भएर नियमित रुपमा चलचित्रको छायांकन हुन थालेपछि अभिनेता दयाहाङ राईको व्यस्तता ह्वात्तै बढेको छ । गत वर्षको कात्तिकमा चलचित्र 'कबड्डी ४'को छायांकन सकाएपछि उनले अन्य दुई चलचित्र 'गाउँ जाने बाटो' र '२ नम्बरी'को पनि छायांकन भ्याइसकेका छन् । अब यही जेठ पहिलो साताबाट उनी चलचित्र 'के घर के डेरा'को छायांकनमा व्यस्त हुँदैछन् ।

यो चलचित्र छायांकनमा जानुअघि दयाहाङले जेठ १३ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'कबड्डी ४'को प्रचारका लागि समय निकालेका छन् । आइतवार उनी चलचित्रकी अभिनेत्री मिरुना मगर, विजय बरालको साथमा ६ गतेसम्मका लागि देश दौडाहामा निस्किएका छन् । काठमाडौं फर्किएपछि उनले 'के घर के डेरा'को छायांकन र 'कबड्डी ४'को प्रचार एकसाथ गर्ने बताइएको छ ।

दयाहाङ मात्र होइन 'कबड्डी ४'का अर्का मुख्य अभिनेता सौगात मल्ल पनि उस्तै व्यस्त छन् । हालै चलचित्र '२ नम्बरी'को छायांकन सकेर काठमाडौं फर्किएका उनको पाइपलाइनमा अझै तीनवटा चलचित्र रहेको जानकारी प्राप्त छ । दुवै नायक व्यस्त हुँदा 'कबड्डी ४'को प्रचार कछुवाको गतिमा भइरहेको छ । जसको असर बक्सअफिसमा देखिन सक्ने कतिपयको विश्लेषण छ ।

जेठ २ गते दमकबाट सुरु हुने चलचित्रको प्रचार अभियान ३ गते इटहरी, ४ गते नारायणघाट, ५ गते बुटवल र ६ गते पोखरा पुगेर सकिनेछ । मोफसल यात्रामा चलचित्रका कलाकारहरुले पत्रकार सम्मेलनसँगै दर्शकहरुसँग प्रत्यक्ष साक्षात्कार गर्ने बताइएको छ । रामबाबु गुरुङले निर्देशनमा तयार भएको चलचित्रमा बुद्धि तामाङ, गौमाया यात्री, पुष्कर गुरुङ, कमलमणी नेपाल, कविता आले, जयनन्द लामा, प्रकाश घिमिरे, माओत्से गुरुङ, सारदा अधिकारीलगायतको पनि अभिनय छ ।

## 'दबाङ टुर' को १० नेपाली कलाकारले बुधबार एलओडीमा पहिलो शो गर्ने




**काठमाडौं/मस–** 'दबाङ द टुर' रिलोडेडको प्रि 'शो' ठमेलको एलओडी क्लबबाट सांगीतिक कार्यक्रम सुरू हुने भएको छ । 'दबाङ द टुर' रिलोडेड मा सहभागी १० जना नेपाली कलाकारले आगामी बुधबार एलओडीमा प्रस्तुति दिने भएका हुन् ।

दबाङको टुरको पहिलो 'शो' ठमेलबाट शुरू हुन लागेको एलओडी क्लबका निर्देशक रविन श्रेष्ठले जानकारी दिए । उनका अनुसार नेपाली कलाकार सुशान्त केसी, स्वप्न सुमन, त्रिशाला गुरुङ, रोहित शाक्य, शिव परियार, सुबानी मोक्तान, सन्जु मोक्तान, टुन्ना बेल्ला थापा, प्रवेश कुमार श्रेष्ठ र समीर श्रेष्ठले एकसाथ प्रस्तुति दिने छन् ।

एलओडीमा हुने द-बाङ द टुरको शो मा प्रवेश टिकट पाँच हजार रुपैयाँ लाग्ने छ । 'एलओडीको हुने 'शो' हेर्न दर्शकले खरिद गरिएको टिकटले दशरथ रंगशालामा हुने ड-बाङ टुरको शो हेर्न पाउँछन्,' श्रेष्ठले भने, 'एकै टिकटले दुवै ठाउँमा कार्यक्रम हेर्न पाइन्छ । सोही दिन एलओडीमा एक टिकट बराबर (ड्रिङ्क्स स्किम) पाउँनेछन् ।'

बलिउड स्टार सलमान खानको जेठ १४ गते दशरथ रंगशालामा हुने सांगीतिक कार्यक्रममा प्रस्तुती दिनेछन् । सोही दिनको कार्यक्रममा सहभागी हुने नेपाली कलाकारले एलओडीमा प्रस्तुति दिन लागेका हुन् । दिउँसो १२ बजेदेखि खुला हुने रंगशालामा डिजेबाट सांगीतिक कार्यक्रमको शुरु हुनेछ ।

## 'डिठ्ठा साब' वडा सदस्यमा विजयी




**काठमाडौं/मस–** शुक्रबार भएको स्थानीय तहको निर्वाचनमा केही कलाकारहरुले पनि विभिन्न पदमा उम्मेदवारी दिएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट काठमाडौं महानगरपालिकाको मेयर पदमा कलाकार मदनदास श्रेष्ठ र यसै महानगरमा स्वतन्त्रबाट चर्चित ¥यापर बालेन्द्र शाह उम्मेदवार छन् । काठमाडौंमा अन्य उम्मेदवारभन्दा स्वतन्त्र उठेका बालेन्द्रको मत करिब दोब्बरले बढी छ ।

त्यस्तै, पूर्वको विराटनगर वडा नं. ९ मा फिल्म 'यो साइनो मायाको' फेम्ड अभिनेता जतिन ताम्राकार लाल्टिन छाप लिएर स्वतन्त्र वडा सदस्यमा उठेका छन् । अहिले देशभर मतगणना भइरहँदा कलाकारको तर्फबाट विजयी शुरुवात भएको छ । कलाकार किशोर भण्डारी 'डिठ्ठा साब'ले नेपाली कांग्रेसबाट काभ्रेस्थली तार्केश्वर वडा नं. २ मा वडा सदस्यमा विजयी हासिल गरेका हुन् ।

भण्डारी लामो समयदेखि अभिनयमा सक्रिय छन् । 'डिठ्ठा साब' टेलिसिरियलबाट दर्शकमाझ आफूलाई चिनाएका उनी अहिले कान्तिपुर टेलिभिजनबाट प्रशाारण हुने 'हर्के हल्दार'मा आबद्ध छन् । टेलिसिरियलमा गरेको अभिनय र निर्देशनको अनुभवलाई सर्टिफिकेट मानेर उनले फिल्मको समेत निर्देशन गरिसकेका छन् । उनले 'चंगा'बाट फिचर फिल्म निर्देशनमा डेब्यू गरेका थिए ।

## विजय लामालाई पितृशोक



**काठमाडौं/मस–** नेपाली फिल्म 'आदर्श नारी'का निर्देशक हेम लामाको निधन भएको छ । अभिनेता तथा पाइलट विजय लामाका पिता समेत रहेका हेमको आइतबार मनमोहन अस्पतालमा निधन भएको हो ।

छोरा विजय लामाले सामाजिक सञ्जालमार्फत हेमको निधन भएको जानकारी गराएका छन् । लामा करिब दुइ सातादेखि स्वास्थ्यमा कठिनाई आएकोले मनमोहन अस्पताल स्वयम्भूको सीसीयूमा भर्ना भएका थिए । स्वर्गीय लामाको सोमबार बौद्ध धर्मको नियम अनुसार स्वयम्भूको चिहानमा अन्तिम संस्कार गरिनेछ ।

## 'आईफा अवार्ड २०२२' स्थगित

**काठमाडौं/एजेन्सी–** बलिउडको प्रतिष्ठित अवार्ड 'आईफा अवार्ड २०२२' स्थगित भएको छ । युएईको अबु धाबीमा २०-२१ मे २०२२ मा हुने भनिएको अवार्ड संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपति शेख खलिफा बिन जायद अल नाह्यानको निधनका कारण स्थगित गरिएको हो ।

राष्ट्रपति शेखको निधनको कारण युएईमा ४० दिने शोकको घोषणा भएको छ । अब अवार्ड १४ देखि १६ जुलाईमा आयोजना हुने आयोजकले जनाएको छ । राष्ट्रपति शेखको शुक्रबार निधन भएको थियो । राष्ट्रपति शेखको निधनमा ४० दिने राष्ट्रिय बिदाको अलवा झण्डा आधा झुकाइएको छ ।

आईफा यस आइल्याण्डमा आयोजना कार्यक्रम थियो । यस पटक अवार्डमा छायांकन, पटकथा, संवाद, सम्पादन, कोरियोग्राफी, साउन्ड डिजाइन, साउन्ड मिक्सिङ, ब्याकग्राउन्ड स्कोर र स्पेशल इफेक्ट (भिजुअल) गरी ९ विधा समावेश गरिएको छ । कार्यक्रम संस्कृति तथा पर्यटन विभाग -अबु धाबी (डीसीटी) को सहकार्यमा आयोजना हुन लागेको हो ।

बलिउड सुपरस्टार सलमान खान, रितेश देशमुख, मनीष पोल, रणवीर सिंह, कार्तिक आर्यन, सारा अली खान, वरुण धवन, अनन्या पाण्डे, दिव्या खोसला कुमार र नोरा फतेही कार्यक्रम सहभागी हुने तय भएको थियो । आइफा बलिउडका सबैभन्दा ठूला निर्माता- निर्देशक करण जौहर र अभिनेत्री परिणिती चोपडाको आयोजनामा हुन लागेको थियो ।

## अक्षय कुमारलाई पुनः कोरोना संक्रमण



**काठमाडौं/एजेन्सी–** बलिउड अभिनेता अक्षय कुमारलाई पुन कोरोना संक्रमण भएको छ । कोरोना संक्रमणका कारण उनी 'कान्स फिल्म फेस्टिभल'मा सहभागी नहुने भएका छन् । उनले आफूलाई कोरोना संक्रमण भएको जानकारी ट्वीटमार्फत दिएका हुन् । अक्षय दोस्रो पटक कोरोना संक्रमित भएका हुन् । यसअघि उनी कोरोनाको दोस्रो लहरमा संक्रमित भएका थिए ।

फिल्म फेस्टिभलमा भारतलाई 'कन्ट्री अफ अनर'को रुपमा निमन्त्रणा गरिएको छ । जसमा अभिनेता अक्षय कुमार केन्द्रीय मन्त्री अनुराग ठाकुरसँग भारतीय प्रतिनिधिमन्डलको रुपमा सहभागी हुँदै थिए ।

उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'म कान्स २०२२ मा सहभागीताका लागि निकै उत्साहित थिएँ । तर कोरोना संक्रमण हुँदा निकै दुखी छु । अनुराग ठाकुर तपाईं र तपाईंको टोलीलाई धेरै-धेरै शुभकामना ! त्यहाँ जान नपाउँदा कमी महसुस गर्नेछु ।'

## मिसक्यारेज भएपछि ब्रिट्नीले पोखिन् पीडा



**काठमाडौं/एजेन्सी–** केहीअघि मात्र आफू आमा बन्न लागेको खबर दर्शकलाई सुनाउँदै खुसी व्यक्त गरेकी पप गायिका ब्रिट्नी स्पेयर्सको खुसी धेरै दिन टिक्न सकेन । ६ महिनाको गर्भावस्थामा रहेकी ब्रिटनीको मिसक्यारेज भएको छ ।

फियोन्से स्याम असगरीको सन्तानको आमा बन्न लागेकी उनको आमा बन्ने सपना पुरा नहुने भएको छ । ब्रिटनीको आधिकारिक इन्स्टाग्राम अकाउन्टमार्फत दुवैको संयुक्त विज्ञप्ति जारी गर्दै उनीहरूले दर्शकसँग आफ्नो दुःख बाँडेका छन् ।

'निकै पिडाका साथ भन्नुपरिरहेको छ कि हामीले आफ्नो गर्भावस्थाको सुरुवातमै हाम्रो बच्चा गुमाउनुपरेको छ । यो जुनसुकै अभिभावकका लागि भए पनि निकै दुःखद् क्षण हो । सायद, हामीसँगै नभएसम्म यो खुसीको खबर सुनाउन अझै प्रतीक्षा गर्नुपर्थ्यो होला । यद्यपि, हामी यो खुसीको खबर सुनाउन एकदमै उत्सुक थियौं । एक-अर्काका लागि हाम्रो माया नै हाम्रो ताकत हो । हामी हाम्रो सुन्दर परिवारलाई अघि बढाउने कोशिस जारी राख्ने छौं । तपाईंहरूको समर्थनका लागि हामी आभारी छौं । यो दुःखद घडीमा गोपनियता कायम गरिदिन आग्रह गर्छौं,' विज्ञप्तिमा भनिएको छ । गायिका ब्रिट्नी आफ्ना पूर्वपति फेडरलाइनबाट दुई सन्तानकी आमा बनिसकेकी छिन् ।

## कंगनाको गुनासो



**काठमाडौं/एजेन्सी–** बलिउड अभिनेत्री कगना रनावत यतिबेला आफ्नो नयाँ चलचित्र 'धाकड' को प्रचार-प्रसारमा व्यस्त छिन् । सामाजिक सञ्जालमा उनका प्रशंसकदेखि बलिउड सेलिब्रेटीहरूले पनि कंगनाको चलचित्रको ट्रेलर सेयर गर्दै प्रचार गरिरहेका छन् ।

हालै अभिनेता सलमान खानले पनि सामाजिक सञ्जालमा ट्रेलर सेयर गरेका थिए र कंगनाले सलमानलाई धन्यवाद व्यक्त गरेकी छन् । तर, अभिनेता अक्षयकुमार र अजय देवगनले आफ्नो चलचित्रको प्रचार नगरिदिएछि कंगनाले गुनासो पोखेकी छिन् । एक अन्तर्वार्ताको क्रममा उनले भनेकी छिन्, 'तर अजय देवगनले मेरो चलचित्रको प्रचार गर्ने छैन । उसले अरूको चलचित्रको प्रचार गर्छ, तर मेरो गर्दैन । अक्षय कुमारले मलाई फोन गरेर सानो स्वरमा मलाई तिम्रो 'थलाइवी' को ट्रेलर राम्रो लाग्यो भने तर कहिल्यै ट्रेलर ट्विट गरेनन् ।'

JORDAN मा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAS KREEDA AL SAFI
शहर: Jordan, SAHAB
पूर्व स्वीकृत मिति: २०७९/०१/२२ चलानी नं.: ६०१७८९१६ LT. No.: 262510

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 250 | स. काममा दक्ष | 220 | ३७,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | ३ वर्ष |

नोटः तलबः JOD २२० (JOD १२५ नगद + JOD ९५ बस्तुगत पारिश्रमिक)

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ ९ गते (23 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SCC Manpower Company Pvt. Ltd.
Govt. Lic. No. 487/061/062
GPO Box 8975 EPC 5219, Maharajgunj, Kapan Marg, Kathmandu
Phone: 01 4545048, 4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com

Europe को Romania मा रोजगारको अवसर

कम्पनी: Jordan River Recruitment SRL
L.T.No. 237377

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब US $ | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker(Unskilled) | 00 | 4 | [illegible] | 550 | ६८,२११/- | [illegible] | ८ घण्टा | ५ दिन | [illegible] | छ | छ | [illegible] |
| २. | Factory Worker | 26 | 0 | [illegible] | 550 | ६८,२११/- | [illegible] | ८ घण्टा | ५ दिन | [illegible] | छ | छ | [illegible] |
| ३. | Cook | 10 | 0 | [illegible] | 650 | ८०,६१३/- | [illegible] | ८ घण्टा | ५ दिन | [illegible] | छ | छ | [illegible] |
| ४. | Cook Helper | 07 | 0 | [illegible] | 550 | ६८,२११/- | [illegible] | ८ घण्टा | ५ दिन | [illegible] | छ | छ | [illegible] |

पुरानो संख्या ११० जनामा बाकी रहेको ४७ जनाको संख्या पुरा गर्न अन्तरवार्ता २०७९ जेठ ९ र १० गते (23 & 24 May, 2022) यस प्रा. लि. को कार्यालय गोंगबु, काठमाडौंमा हुनेछ ।

TIMES MANAGEMENT SYSTEM PVT. LTD.
Gongabu- 9, Tokha , Kathmandu, Tel: 01 - 5907211
Mob: 9851167503, 9823516396, 9823516348, 9823516347
Email: timesmanpower944@gmail.com
Web : www.tmsnepal.com.np

# ऐतिहासिक सिरिज खेल्दै महिला क्रिकेट टोली




**काठमाडौं/मस-** नेपाली महिला क्रिकेट टिमले घरेलु मैदानमा पहिलो पटक अन्तर्राष्ट्रिय टी-२० सिरिज खेल्दैछ। जसमा पहिलो खेल सोमबारबाट कीर्तिपुर मैदानमा शुरु हुँदैछ । नेपाल क्रिकेट संघ क्यानले आयोजना गर्न लागेको प्रतियोगिताको सबै तयारी पुरा भएको छ भने नेपालको प्रतिद्वन्द्वी युगान्डा टिम आइतबार राति काठमाडौं आइपुगेको छ।

पाँच खेलका सिरिजमा लागि नेपाली टिमको घोषणा भइसकेको छ । जसमा केही अनुभवी खेलाडी टिममा परेका छैनन् भने दुई जना नयाँ अनुहारलाई यो पटक मौका दिइएको छ । यू १९ प्रतियोगितामा राम्रो प्रदर्शनका आधारमा अस्मिना कर्माचार्य र हिरनमायी रोयलाई पहिलो पटक सिनियर टिममा स्थान दिइएको छ ।

यो पटक क्यानले सिनियर टिममा केहि परिवर्तन गरेको छ । जसमा रितु कनोजिया, सरस्वती चौधरी, करुणा भण्डारी, सुमन खतिवडालाई टिममा राखिएको छैन । नेपाली महिला क्रिकेट टिमले अन्तिमपटक सन् २०१९ को सागमा पोखरामा प्रतियोगिता खेलेको थियो । तर कीर्तिपुर मैदानमा नेपाली महिला टिमले पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न लागेको हो ।

नेपालले सन् २००७ मा मलेसियामा भएको एसीसी महिला च्याम्पियनसिपबाट अन्तराष्ट्रिय स्तरमा पाइला राखेको थियो । यो सिरिज नेपाली महिला टिमका लागि आसन्न एसीसी टी २० च्याम्पियनसिपका लागि राम्रो तयारीको आधार बन्नेछ । मलेसियामा जुन १६ बाट हुने प्रतियोगिता खेल्न जान अगाडी नेपाली महिला टिमले घरेलु दर्शकमाझ प्रतियोगिता खेल्दैछ ।

युगान्डा टिम सिरिजको अघिल्लो दिन नेपाल पुग्ने भएपनि उसले दुई साता अगाडी जिम्बावे र नामिबियासँग त्रिकोणात्मक सिरिज खेलेको थियो। जसका आधारमा पनि युगान्डा टिम नेपाललाई बलियो चुनौती दिने देखिएको छ ।

यो सिरिजका लागि क्यानले दर्शकलाई निशुल्क प्रवेश दिने भएको छ । तर यो सिरिजमा यसअघि टिममा रहेका केही अनुभवी खेलाडी भने गुमाउने भएका छन् । मलेसियामा हुने एसीसी टी २० च्याम्पियनसिपका लागि क्यानले अहिलेबाट नै बलियो टिम बनाउने योजना बनाएको छ । क्यानले पहिलो चरणमा २२ खेलाडीलाई बन्द प्रशिक्षणमा राखेको थियो । जसबाट अन्तिममा १६ खेलाडीलाई छनोट गरेको छ ।

रुबिना क्षेत्री (कप्तान), सीता रानामगर, ज्योति, काजोल श्रेष्ठ, कविता कुँवर, अप्सरी बेगम, कविता जोशी, डली भट्ट, अस्मिना कर्माचार्य, संगीता राई, सबनम राई, रोमा थापा, सरिता मगर, हिरनमायी रोय र बिन्दु रावल छन् ।

यस्तै नेपाल र युगान्डाबीचको सिरिज एक्सन स्पोर्ट्सले प्रत्यक्ष प्रशारण गर्ने भएको छ । क्यानले सिरिजको प्रत्यक्ष प्रशारण एक्सन स्पोर्ट्सले गर्ने जनाएको छ। यस्तै ओएसआर डिजिटलले युट्युबमा प्रत्यक्ष प्रशारण गर्ने क्यानले जनाएको छ ।

सिरिज अन्तर्गत नेपाल र युगान्डाबीचको पहिलो टी-ट्वान्टी सोमबार हुनेछ भने दोस्रो टी-ट्वान्टी जेठ ३ गते र तेस्रो टी-ट्वान्टी जेठ ५ गते हुनेछ । दुई टोलीबीचको चौथो टी-ट्वान्टी जेठ ६ गते र अन्तिम टी-ट्वान्टी जेठ ७ गते हुनेछ ।

यसैबीच क्यानले नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको उपकप्तानमा ब्याटर इन्दु वर्मालाई नियुक्त गरेको छ। सिता रानामगरको स्थानमा इन्दुलाई उपकप्तान नियुक्त गरिएको हो । युगान्डाविरुद्धको टि२० सिरिजका लागि घोषित टोलीमा रहेपनि सिता हाल दुबईमा जारी फेयरब्रेक आमन्त्रण प्रतियोगिता खेलिरहेकी छिन् । उनले टोलीका लागि प्रभावशाली प्रदर्शन गरिरहेकी छिन् ।

क्यानका कार्यवाहक सचिव प्रशान्तविक्रम मल्लले सिताको स्थानमा इन्दुलाई पूर्णकालिन उपकप्तानको जिम्मेवारी दिइएको बताए । यससँगै क्यानले महिला टोलीमा केन्द्रिय सम्झौता रहेका खेलाडीको पनि रकम बढाएको छ।

# अमेरिकामा लक्ष्मणलाई रजत पदक



**काठमाडौं/मस-** नेपाली खेलाडी लक्ष्मण वहादुर ऐरले अमेरिकाको मिचिगन राज्यमा संचालन भएको '१३ औं अन्तर ाष्ट्रिय खुल्ला मैत्री तेक्वान्दो प्रतियोगिता'मा रजत पदक जित्न सफल भएका छन् ।

उनले पुरुष ४१-५० वर्षको एकल पुम्सेमा ६.९ अंक जोडी दोस्रो स्थानमा रहे । अमेरिकन पुम्से टिमका रोन सुथविकले ७.१ अंक जोडी प्रथम भएका थिए भने अर्का नेपाली खेलाडी दिपक रानाले ६.१ अंक जोडी तेस्रो स्थान हात पार्न सफल भएका थिए ।

विश्व तेक्वान्दो पुम्से कमिटिका सदस्य समेत रहेका अन्तर्राष्ट्रिय निर्णायक ग्राण्ड मास्टर रेमोण्ड सु लगायत अन्य अन्तर्राष्ट्रिय निर्णायकहरुले उक्त प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरेका थिए। गेरुगी (फाईट) तर्फ लक्ष्मणले निर्णायको भूमिका समेत निर्वाह गरेका थिए ।

# लिभरपुललाई एफए कपको उपाधि



**काठमाडौं/एजेन्सी-** एफए कपको उपाधि जितसँगै प्रशिक्षक योर्गान क्लोपले लिभरपुलका लागि सबै मुख्य प्रतियोगिताको उपाधि जित्न सफल भएका छन् । शनिबार राति लिभरपुलले चेल्सीलाई पेनाल्टीमा ६-५ ले हराउँदै एफए कपको उपाधि जितेको हो ।

लिभरपुलले २००६ पछि पहिलोपटक एफए कपको उपाधि जित्न सफल भएको हो । यससँगै जारी सिजन चार उपाधि जित्ने लिभरपुलको आशा कायमै रहेको छ । लिभरपुलले यसअघि लिग कपमा पनि चेल्सीलाई नै पेनाल्टीमा ११-१० ले हराउँदै उपाधि जितेको थियो ।

निर्धारित र थपिएको ३० मिनेट समय गोलरहित बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा गएको हो । पहिलो पाँच पेनाल्टीमा चेल्सीका सेसर एज्पिलिक्वेटा र लिभरपुलका साडियो माने गोल गर्न असफल भएका थिए । त्यसपछि चेल्सीका हाकिम जियाच र लिभर पुलका डिएगो जोटाले गोल गरे ।

कोन्सटाटिनोस सिमिकासले निर्णायक गोल गर्नुअघि चेल्सीका मासन माउन्ट गोल गर्न चुकेका थिए । सिमिकासले लिभरपुलका लागि गरेको यो पहिलो गोल हो । उनी १११औं मिनेटमा एन्ड्रयू रोबर्टसनको स्थानमा मैदान छिरेका थिए ।

म्यानचेस्टर युनाइटेडका एलेक्स फर्गुसनपछि इङ्लिस फुटबलमा क्लबका लागि युरोपियन कप, प्रिमियर लिग, लिग कप र एफए कपको उपाधि जित्ने क्लोप दोस्रो प्रशिक्षक बनेका छन् । लिभरपुल प्रिमियर लिगमा पनि उपाधि प्रतिस्पर्धामा छ । लिगमा दुई खेल बाँकी हुँदा लिभरपुल शीर्ष क्लब म्यानचेस्टर सिटीभन्दा तीन अंकले पछाडि छ । लिभरपुलले अब साउथह्याम्पटनसँग अवे र उल्भरह्याम्पटनसँग घरेलु मैदानमा खेल्नेछ । सिटी भने वेस्ट ह्यामसँग अवे र एस्टन भिल्लासँग घरेलु मैदानमा खेल्नेछ ।

लिभरपुलले यूईएफए च्याम्पियन्स लिगको पनि फाइनलमा स्थान बनाएको छ । लिभरपुलले २८ मेमा च्याम्पियन्स लिग उपाधिका लागि स्पेनिस ला लिगा विजेता रियाल मड्रिडविरुद्ध प्रतिस्पर्धा गर्दै छ ।

वेम्बली रंगशालामा चेल्सीका लागि भने अर्को खराब दिन रह्यो । चेल्सी लगातार तेस्रोपटक एफए कपको फाइनलमा पराजित भयो । चेल्सी २०२० मा आर्सनल र गत वर्ष लेस्टरसँग पराजित हुदै उपाधि विमुख भएको थियो ।

विश्वकै सबैभन्दा पुरानो प्रतियोगिता एफए कपको वेम्बलीमा खेलिएको फाइनलमा अहिलेसम्म पेनाल्टीबाट नतिजा आएको थिएन । १९२३ बाट राष्ट्रिय रंगशालामा खेल्न थालिएको फाइनलमा अतिरिक्तसम्म गोलरहित बराबरीमा टुंगिएको पनि यो पहिलोपटक हो ।

तर, २००६ मा लिभरपुलले उपाधि जित्दा पनि पेनाल्टीमा वेस्ट ह्यामलाई ३-१ ले हराएको थियो । त्यतिबेला वेम्बली पुनर्निर्माणको चरणमा रहेकाले खेल कार्डिफस्थित मिलेनियम रंगशालामा खेलाइएको थियो ।

# गुजरातको दशौं जित



**काठमाडौं/एजेन्सी-** इन्डियन प्रिमियर लिग क्रिकेट आईपीएलमा शीर्ष स्थानको गुजरात टाइटन्सले १० औं जित निकाल्दा चेन्नई सुपर किंग्सले नवौं हार व्यहोरेको छ । चेन्नई प्रतियोगिताबाट बाहिरिसकेको छ भने गुजरात शीर्ष स्थानमा रहँदै प्लेअफमा पहिला नै पुगिसकेको छ ।

चेन्नईले दिएको १३४ रनको लक्ष्य १९.१ ओभरमा ३ विकेट गुमाएर पूरा गर्दै ७ विकेटको जित निकालेको हो । गुजरातलाई जिताउन ओपनर ब्याटर ऋद्धिमान साहले ६७ रनको नटआउट अर्धशतकीय पारि खेले । उनले ५७ बल फेस गर्दा ८ चौका र १ छक्का प्रहार गरेका थिए । यसैगरी डेभिड मिलरले नटआउट १५ रन बनाएका थिए ।

सुभमन गिलले २० रन जोड्दा कप्तान हार्दिक पाण्ड्या ७ रनमा पभेलियन फर्किए । चेन्नईका मथिसा पतिरत्नले २ विकेट हात पारे । पहिला ब्याटिङ गरेको चेन्नईले निर्धारित ओभरमा ५ विकेट गुमाएर १३३ रन बनायो । चेन्नईका लागि ऋतुराज गायकवाडले ५३ रनको अर्धशतकीय पारि खेल्दा नारायण जगदीशनले ३९ रनको नटआउट पारि खेले । मोइन अलि २१ रनमा पभेलियन फर्किदा महेन्द्रसिंह धोनीले ७ रनमात्र योगदान गर्न सफल रहे । गुजरातका मोहम्मद सामीले २ विकेट लिए ।

## पीएसजीको जितमा मेस्सीको दुई गोल

**काठमाडौं/एजेन्सी-** फरवार्ड लियोनेल मेस्सी र केलियन एमबाप्पे चम्किएको खेलमा पेरिस सेन्ट जर्मेन (पिएसजी) ले फ्रेन्च लिग वानमा सानदार जित दर्ता गरेको छ। यो सिजनको लिग वान च्याम्पियन बनिसकेको पिएसजीले घरेलु टोली मोन्टपेलिएरलाई ४-० ले पराजित गरेको हो । पिएसजीको जितमा मेस्सीले दुई गोल गर्दा केलियन एमबाप्पेले दुई असिस्टसँगै एक गोल गरे । एक गोल एन्जल डि मारियाको नाममा रह्यो ।

मोन्टपेलिएरमा शनिबार राति भएको खेलको छैटौं मिनेटमा मेस्सीको गोलबाट अग्रता बनाएको थियो । उनले एमबाप्पेको पासलाई सदुपयोग गरेका थिए । २०औं मिनेटमा एमबाप्पेकै पासमा मेस्सीले व्यक्तिगत र टोलीको लागि दोस्रो गोल गर्दै अग्रता दोब्बर पारे । २६औं मिनेटमा एन्जल डि मारियाले गोल गरेपछि पिएसजी पहिलो हाफमा ३-० ले अघि बढ्यो । ६०औं मिनेटमा अघिल्लो दुई गोलमा असिस्ट दिइसकेका एमबाप्पेले पेनाल्टीमा गोल गर्दै पिएसजीको फराकिलो जित पक्का गरे ।

यो जितसँगै च्याम्पियन बनिसकेको पिएसजीको ३७ खेलबाट ८३ अंक पुगेको छ । पिएसजीले दोस्रो स्थानको मोनाकोलाई १५ अंकले पछि पारेको छ । पराजित मोन्टपेलिएर ४३ अंक जोडेर १३औं स्थानमा रहेको छ ।

# अस्ट्रेलियाका पूर्वअलराउन्डर साइमन्ड्सको निधन




**काठमाडौं/एजेन्सी-** अस्ट्रेलियाका पूर्वअलराउन्डर एन्ड्रयु साइमन्डसको आइतबार कार दुर्घटनामा निधन भएको छ । साइमन्ड्सको ४६ वर्षको उमेरमा निधन भएको हो । क्रिकेट अस्ट्रेलियाले ट्विट गर्दै साइमन्ड्सको निधन भएको पुष्टि गर्दै लेखेको छ, 'साइमन्ड्सको दुःखद निधनले हामी स्तब्ध र दुखी छौं ।'

यससँगै अस्ट्रेलिया क्रिकेटले पछिल्लो समय अर्को एउटा महान् खेलाडीलाई गुमाएको छ। यसअघि, अस्ट्रेलियाले महान् स्पिनर सेन वार्न र रड मार्सलाई गुमाएको थियो । साइमन्ड्सले अस्ट्रेलियाका लागि २६ टेस्ट क्रिकेट खेलेका थिए भने १९८ एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेलेका थिए। १९९८ र २००९ को बीचमा साइमन्ड्सले अस्ट्रेलियाका लागि १४ ट्वान्टी-२० अन्तर्राष्ट्रिय क्रिकेट खेलेका थिए ।

क्विन्सल्यान्ड राज्यको टाउन्सभिले नजिक साइमन्ड्सको कार दुर्घटना भएको हो । स्थानीय प्रहरीका अनुसार कार उनी आफैंले हाँकेका थिए । कारमा साइमन्ड्स एक्लै थिए । बर्मिङ्घममा जन्मिएका साइमन्ड्सले इङ्ल्यान्डमा केन्ट, ग्लोस्टरसायर, लन्कासायर र सरेलबाट काउन्टी क्रिकेट पनि खेलेका थिए । अस्ट्रेलियाले विश्वकपको उपाधि जित्दा उनी टिम सदस्य थिए। त्यस्तै, २००६/०७ मा इङ्ल्यान्डविरुद्ध एसेस शृंखला जित्दा पनि साइमन्ड्स टिमका महत्त्वपूर्ण सदस्य थिए ।

उनले एकदिवसीय क्रिकेटमा ५ हजार ८८ रन बनाएका छन् भने १३३ विकेट लिएका छन् । उनले २००६ को बक्सिङ डेमा सम्पन्न एसेस टेस्टमा दुई टेस्ट शतक बनाएका थिए। त्यतिबेला अस्ट्रेलिया एक इनिङ्स र ९९ रनले विजयी भएको थियो ।

तथापि, उनको करियर विवादस्पदरूपमा अन्त्य भएको थियो । २००९ मा इङ्ल्यान्डमा सम्पन्न ट्वान्टी-२० विश्वकपमा अनुशासनको कारबाही गर्दै उनलाई घर पठाइएको थियो । त्यहीबाट उनको अन्तर्राष्ट्रिय करियर समाप्त भएको थियो ।

# बायर्न छाड्दै लेवान्डोस्की !



**काठमाडौं/एजेन्सी-** बुन्डेसलिगामा सबैभन्दा धेरै गोल गर्ने रोबर्ट लेवान्डोस्कीले बायर्न म्युनिख छाड्ने चाहना व्यक्त गरेका छन् । बायर्नका खेलकुद निर्देशक हसन सालिहामिडजिकले शनिबार लेवान्डोस्कीले क्लबको सम्झैता नवीकरण गर्ने प्रस्तावलाई बेवास्ता गरेको जनाएका छन् । उनले भनेका छन्, 'लेवान्डोस्की केही फरक चाहन्छन् ।' ३३ पोल्यान्डका फरवार्ड लेवान्डोस्कीको बायर्नसँगको सम्झैता अर्को सिजन सकिनेछ । त्यसबीचमा क्लबको प्रस्तावबारे विचार गर्न सकिने लेवान्डोस्कीले बताएका छन् ।

'हो । क्लबसँग मेरो सम्झैता अर्को वर्षसम्मका लागि छ,' शनिबार बायर्नले उल्फसबर्गसँग २-२ को बराबरी खेल्दा गोल गरेका लेवान्डोस्कीले भने, 'यदि, प्रस्ताव आउँछ भने त्यसबारे केही सोच्न सकिन्छ । दुवै पक्षले भविष्यबारे सोच्नुपर्छ । योभन्दा धेरै म केही भन्न सक्दिनँ । के हुन्छ त्यो हेर्न बाँकी छ ।'

लेवान्डोस्की बार्सिलोना जाने चर्चा छ । तर, सालिहामिडजिकले स्पेनिस क्लब बार्सिलोनासँग केही कुरा नभएको बताएका छन् । उनले बायर्नलाई लेवान्डोस्की बेच्नुपर्ने बाध्यता नभएको पनि बताएका छन् । सालिहामिडजिक भन्छन्, 'यथार्थ कुरा, क्लबसँग लेवान्डोस्कीको अर्को वर्षसम्म सम्झैता छ ।'

स्थानीय एक सञ्चारमाध्यमले लेवान्डोस्कीका एजेन्ट पिनी जाहबी र बार्सिलोनाबीच तीन वर्षको लागि मौखिक सम्झौता भएको जनाएको छ । लेवान्डोस्कीले बायर्न र पूर्व बोरुसिया डर्टमन्डबाट बुन्डेसलिगामा ३८४ खेलमा ३१२ गोल गरिसकेका छन् । उनी लगातार पाँचौंपटक बुन्डेसलिगामा सबैभन्दा धेरै गोल गर्ने खेलाडी बन्न सफल भएका छन् । लेवान्डोस्कीले गत वर्ष ४१ गोल गरेर एकै सिजन धेरै गोल गर्ने कीर्तिमान बनाएका थिए ।

Baharain मा रोजगारको अवसर | कम्पनी : AL GHALIA WLL शहर: BAHARAIN

पूर्व स्वीकृत मितिः२०७९/०१/२९ चलानी नं.: ६०१७९१२२ LT. No.:262917

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 10 | स. काममा दक्ष | 150 | ५९,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ जेठ ९ गते (23 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

HABTOOR INTERNATIONAL PVT. LTD.
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 | Mob.: 9801059911, 9801059988, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

MALAYSIA मा रोजगारको अवसर
कम्पनी: ENG SHENG SDN BHD शहर: Selangor

पूर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७३० LT. No.: 261536 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 47 | 0 | स. काममा दक्ष | 1200 | ३३,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ ९ गते (23 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.
हार्भेष्टमुन बिल्डिङ 4th Floor, टुकुचे चोक-२, गैरीधारा, काठमाडौं,
फोन: ४४१५५६२, ४००४६५०, ४००४५५०,
श्रम इजाजत नं. ३८९/०५९/०६०

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२ जेठ २०७९, सोमबार
16 May 2022, Monday

## आज प्रधानमन्त्री देउवाद्वारा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन हुँदै



**काठमाडौं/रासस –** बुद्ध जन्मस्थल लुम्बिनीमा निर्माण भएको राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्रको एकै दिन उद्घाटन हुने भएको छ। प्रधानमन्त्री शेरबहादुर देउवाले ती दुई आयोजनाको आज उद्घाटन गर्ने कार्यक्रम रहेको छ। बुद्ध जन्मस्थल लुम्बिनीमा हवाई मार्ग हुँदै आउने पर्यटकलाई केन्द्रित गरी लुम्बिनीबाट करिब २२ किलोमिटको दूरीमा निर्माण गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भोलिदेखि औपचारिक रुपमा सञ्चालनमा आउनेछ । यो विमानस्थल सञ्चालनमा आउँदा बुद्ध जन्मस्थल लुम्बिनीलाई विमानस्थलले अन्तर्राष्ट्रिय जगतसँग सिधा हवाई सम्पर्क स्थापित गर्नेछ ।

आज बिहान कुवेतको जजिरा एयरलाइनसले पहिलो व्यावसायिक उडान भरेर गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेपछि विमानस्थल औपचारिक रूपमा व्यावसायिक रुपले सञ्चालनमा आउनेछ । करिब एक महिनादेखि नयाँ रनवेबाट आन्तरिक उडान सुरु गरिए पनि अन्तर्राष्ट्रिय उडान भने सोमबारदेखि मात्र हुनेछन् । बुद्ध जयन्तीका अवसर पारेर कुवेतको जजिरा एयरलाइन्सले पहिलोपटक सोमबार बिहान १७५ जना यात्रु बोकेर विमानस्थलमा जहाज अवतरण गर्ने कार्यतालिका रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक गोविन्द दाहालले जानकारी दिए । उक्त विमान सोमबार नै ९० जना यात्रु बोकेर कुवेत प्रस्थान गर्ने महाप्रबन्धक दाहालले जानकारी दिए ।

अन्तर्राष्ट्रियरूपमा व्यावसायिक उडान सुरु भएपछि जजिरा एयरलाइन्सले यहाँबाट नियमित रुपमा हप्तामा तीनवटा उडान भर्ने गरी अनुमति लिएको र अन्य एयरलाइन्स थाई स्माइल एयरलाइन्स, श्रीलंकाको श्रीलंकन एयरलाइन्स, कतारको कतार एयरलाइन्सले पनि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हवाई उडान सञ्चालनका अनुमति लिने तयारीमा रहेको महाप्रबन्धक दाहालले जानकारी दिए । विसं २०७१ को माघमा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरेको विमानस्थल ३ वर्षभित्रै निर्माण गर्ने लक्ष्य राखिएको थियो । विभिन्न खालका आन्दोलन र कोभिड महामारीका कारण ८ वर्षपछि मात्र यो राष्ट्रिय गौरवको आयोजनाले पूर्णता पाएको छ। विमानस्थलमा आठतले कन्ट्रोल टावर, अन्तर्राष्ट्रिय टर्मिनल भवन, प्रशानिक भवन, फायर बिल्डिङ, विद्युत् सबस्टेशन, सुरक्षाकर्मी आवास गृह, चेकिङ काउन्टर, प्रशासनिक भवन, अध्यागमन, कार्गो भवनलगायत संरचना निर्माण भएका छन् ।

तीन हजार मिटर लामो धावनमार्गसहित पाँच विमान पार्किङ क्षमता छ । एक हजार ९०० मिटरको ट्याक्सी वे, धावनमार्ग वरपर १० किलोमिटरको पेरिमिटर सडक, खानेपानी ट्यांकी, बगैंचाहरूलगायत आवश्यक संरचना तयार भएका छन् । अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको 'फोर ई' स्तरको यो विमानस्थलबाट एयर बस ३३०, बोइङ ७७७-२०० सिरिजलगायत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आउने जुनसुकै जहाजहरू सुरक्षित उडान अवतरण गर्न सक्ने अधिकारीहरूले जनाएका छन् । विमानस्थलको क्षमता प्रतिघण्टा ४०० यात्रुलाई सेवा दिन सक्ने रहेको आयोजनाले जनाएको छ। अधिग्रहण गरिएको जग्गाको मुआब्जासहित यो विमानस्थलको लगानी अहिलेसम्म करिब ३२ अर्ब पुगेको बताइएको छ ।

**अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्रको उद्घाटन**

आज नै लुम्बिनीमा निर्माण सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्रको उद्घाटन हुने भएको छ। २५६६औं बुद्धपूर्णिमा तथा लुम्बिनी दिवस २०७९ का अवसर पारेर प्रधानमन्त्री देउवाले केन्द्रको उद्घाटन गर्न लागेका हुन् । उद्घाटनको सम्पूर्ण तयारी पूरा भएको लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराईले जानकारी दिए । केन्द्रको उद्घाटनपछि बुद्धपूर्णिमाको मूल समारोह कार्यक्रम यसै हलमा आयोजना हुनेछ। समारोहमा प्रधानमन्त्री देउवा र उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीले सम्बोधन गर्नेछन् ।

ध्यानकेन्द्रमा एकैपटक पाँच हजार जना अटाउने छाता शैलीको हलको छाना गर्मीमा चिसो र जाडोमा तातो हुने प्रविधिको जडान गरिएको लुम्बिनी विकास कोषका योजना प्रमुख सरोज भट्टराईले जानकारी दिए। केन्द्रको चारैतिर पर्खाल लगाइएको छ भने पर्खालभित्र बुद्धका विभिन्न आकर्षक प्रतिमाहरू राखिएका छन् । योजना प्रमुख भट्टराईका अनुसार ७५० मिटर लम्बाइको कम्पाउन्ड वालको साढे सात/सात मिटर फरकमा ९७ बुद्धमूर्ति राखिएका छन्। उक्त सभाहल निर्माणमा पहिलो चरणमा ३३ करोड र दोस्रो चरणमा करिब २७ करोड खर्च भएको बताइएको छ । उक्त सम्मेलन केन्द्रको २०७५ साल वैशाख १७ गते २५६२औं बुद्ध जयन्तीका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले शिलान्यास गरेकी थिइन् ।



**रेडियो सुन्दै डोको बुन्दै किसान**

*ताप्लेजुङको सिरीजंगा गाउँपालिक-७ खेवाङका किसान रेडियोमा निर्वाचनको मत नतिजा बिशेष कार्यक्रम सुन्दै, डोको बुन्दै ।*
*तस्बिर : सन्तोष पुर्कुटी/रासस*

# मतदानपछि पेट्रोलियम पदार्थमा मुल्यवृद्धि

## ■ जनभावना छल्ने सरकारी प्रयास

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १ जेठ ।

स्थानीय तहको निर्वाचन सम्पन्न भएलगत्तै नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा भारी मूल्यवृद्धि गऱ्यो । शनिबार आयल निगमले गरेको मूल्यवृद्धिसँगै पेट्रोलको भाउ प्रतिलिटर १७० रुपैयाँ पुगेको छ, भने डिजेल र मट्टितेलको भाउ १५३ रुपैयाँ पुगेको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि निरन्तर उकालोतर्फ छ, अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धि अनुरुप मुलुकभित्र पेट्रोलियम पदार्थको मूल्यलाई सन्तुलित अवस्थामा बनाइराख्नु राज्यको दायित्व हो । तर पछिल्लो समय पेट्रोलियम पदार्थको मूल्यवृद्धिलाई सरकारले आमजनताको भावनासँग खेलबाड गरेर अगाडि बढाएको सहजै अनुमान गर्न सकिन्छ।

पछिल्लो बैशाख १८ गते भारतीय आयल निगमले नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थको नयाँ मूल्य सुची पठाएको थियो । सो मूल्यसूची अनुसार नै नेपाल आयल निगमलाई मासिक रुपमा १० अर्ब ३८ करोड घाटा हुने अवस्था रहेको थियो । मुलुक स्थानीय तहको निर्वाचनमा प्रवेश गरिसकेको कारणले वा आमजनतामा मूल्यवृद्धिको गलत सन्देश जाने सम्भावनाले गर्दा



नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धिलाई थाति राखेको थियो । निर्वाचन सम्पन्न भए लगत्तै गरिएको मुल्यवृद्धिको सन्दर्भमा नेपाल आयल निगमका प्रवक्ता विनिमणि उपाध्यायले आफुहरुले जनताको भावनामाथि खेलबाड गर्ने गरी मूल्यवृद्धिलाई अगाडि बढाउने काम नगरेको सञ्चारमाध्यमलाई बताएका छन्। प्रवक्ता उपाध्यायले आफुले नेपाल आयल निगम बाहेक सरकारको विषयमा बोल्न नमिल्ने बताएका छन् ।

नेपाल आयल निगमले गत चैतमा सरकारलाई पेट्रोलियम पदार्थको खपत घटाउने मुख्य उद्देश्यका साथ १० बुँदे सुझाव दिएको थियो । जसमा निगमले हप्तामा दुई दिन बिदाको समेत सुझाव दिएको थियो । आज जेठ महिनाको पहिलो दिनबाट सरकारले निगमको सुझावअनुसार आइतबार सार्वजनिक बिदा दिने प्रक्रियालाई अगाडि बढाएको छ। निगमका प्रवक्ता उपाध्यायले निगम एउटा व्यवसायिक संस्था भएको र सो संस्थाले घाटामा कारोबार गर्न नसक्ने हुँदा अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धिअनुसार निगमले पछिल्लो मूल्यवृद्धि गरेको जिकिर गरे । जनताले भोट हालिसकेपछि मूल्यवृद्धि गर्ने कुरा अनुचित र अनैतिक काम भएको उपभोक्ता अधिकार मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जन बताउँछन् । उनी भन्छन् 'यो सरकारको सरासर अनुचित र अनैतिक काम हो। जनताले भोट हालेर घर नपुग्दै मूल्यवृद्धि गरेर सरकारले यो के गर्न खोजेको हो ?'

सरकारले पेट्रोलियम पदार्थमा विविध शिर्षकहरु जोडेर चर्को कर लगाउने काम गरेको छ । जसमा राजस्व, भन्सार, मूल्य अभिवृद्धि कर, सडक सम्भार कर, पुर्वाधार विकास कर र वातावरण कर आदि समाविष्ट रहेका छन् । सरकारले गत आर्थिक वर्षमा मात्रै ९८ अर्ब राजस्व पेट्रोलियम पदार्थमार्फत गरेको थियो । पेट्रोलियम पदार्थ वस्तु तथा सेवाको उत्पादनदेखि वितरण हुँदै उपभोग सम्म प्रयोग हुने गर्दछ । पेट्रालियम पदार्थमा मूल्य वृद्धि हुँदा त्यसले समग्र अर्थतन्त्रमा नै नकरात्मक असर पुर्याउने गर्दछ । सरकारले पेट्रोलिय पदार्थमा लगाइएको विभिन्न कर हटाउने हो भने अहिलेको तुलनामा निकै सस्तोमा उपभोक्तालाई दिन सकिने निगमको भनाई छ। तर कर निर्धारण गर्ने निकाय सरकार भएकाले आफुहरुले सो विषयमा सरकारलाई सुझाव मात्रै दिन सकिने निगमका प्रवक्ता उपाध्यायको भनाई छ ।

## बैंक तथा वित्त संस्थामा पनि हप्तामा २ दिन बिदा लागू

**काठमाडौं/मस -** आजदेखि बैंकवित्त पनि हप्तामा दुई दिन बिदा हुने भएको छ । नेपाल राष्ट्र बैंकले जेठ १ गतेदेखि लागू हुने गरी बैंक तथा वित्तीय संस्थामा पनि शनिबार र आइतबार सार्वजनिक दिने निर्णय गरेको हो । राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको बुधबारको स्वीकृति बमोजिम बैंकमा शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरिएको हो। दशैं र तिहारका सार्वजनिक बिदाबाहेक अन्य बिदा लगातार दुई दिनभन्दा बढी भएमा तेस्रो दिनदेखि बैंक विभाग र मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखासमेत) बाट प्रवाह हुने सेवा, भुक्तानी प्रणाली विभागबाट हुने आटीजीएस




सेवा, मौद्रिक व्यवस्थापन विभागबाट हुने सेवालगायत अन्य अत्यावश्यक सेवा तथा प्रदेशस्थित कार्यालयको अत्यावश्यकीय बैंकिङ सेवालाई नियमित गर्न सीमित संख्यामा कर्मचारीलाई खटाई निर्धारित कार्यालय समयसम्म सञ्चालन गर्नुपर्ने पनि राष्ट्र बैंकले निर्देशन दिएको छ । ती सेवा सञ्चालनमा सहयोग गर्न सूचना प्रविधि विभागले आवश्यक परेमा आवश्यकताअनुसार कर्मचारी खटाउन पनि निर्देशन दिइएको छ ।

जेठबाट कार्यालय समय बिहान ९:३० बजेबाट अपराह्न ५:३० बजेसम्म कायम गरिएको छ । कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म कार्यालय सयम बिहान ९:३० बजेबाट ४:३० बजेसम्म कायम गरिएको छ। यसैगरी जेठबाट बैंकिङ कारोबार समय बिहान ९:३० बजेदेखि साँझ ४ बजेसम्म कायम गरिएको छ। कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म भने बैंकिङ कारोबार समय बिहान ९:३० बजेबाट अपराह्न ३:३० बजेसम्म तोकिएको छ। सार्वजनिक बिदाबाहेक २०७९ वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत मसान्तसम्म कार्यालय समय बिहान १० बजेदेखि साँझ ५ बजेसम्म तोकिएको छ । हप्ताको दुई दिन बिदा हुँदा हप्ताभरि सम्पन्न गरिएका कार्यहरुको सूची तथा सेवा प्रवाहको संख्या अध्ययन तथा मूल्यांकनका लागि अभिलेख राख्न पनि राष्ट्र बैंकले निर्देशन दिएको छ ।

## बीमा समिति ५४ औं वर्षमा प्रवेश




**काठमाडौं/मस –** बीमा क्षेत्रको नियमनकारी निकाय बीमा समिति आफ्नो स्थापनाको ५३ औं वर्ष पूरा गरी ५४ औं वर्षमा प्रवेश गरेको छ। अर्थमन्त्रालयले २०२५ सालमा बीमा क्षेत्रलाई नियमन गर्न एउटा छुट्टै इकाईको स्थापना गर्ने निर्णय गर्यो । मन्त्रालयले स्थापना गरेको उक्त इकाई नै पछि गएर बीमा समिति बन्यो। सरकारले गठन गरेको सोहि इकाई अर्थात आजको बीमा समितिको पहिलो बैठक २०२६ साल जेठ एक गते बस्यो र आफ्नो काम सुरु गर्यो । यहि बैठकलाई आधार मानेर बीमा समितिले वार्षिकोत्सव बनाउने गरेको हो । कतिपयले आजको दिनलाई बीमा दिवस पनि भन्ने गरेका छन् ।

बीमा क्षेत्रको समग्र विकाससँगै स्थानीय, तहमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्न, न्यून आय भएका विपन्न वर्गसम्म बीमाको पहुँच पुर्याउन, समयमै बीमा दाबी भुक्तानी गर्ने व्यवस्था गरी बीमा प्रतिको विश्वास अभिवृद्धि गर्न, प्रदेश सरकार, स्थानीय सरकारसँग समन्वय गरी घर लगायतका सम्पत्तिको बीमालाई प्रभावकारी बनाउन र लघुबीमा व्यवसाय प्रवर्द्धन गर्न समिति निरन्तर लागि रहेको बीमा समितिका अध्यक्ष सूर्य प्रसाद सिलवालले जनाएका छन्। बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने उद्देश्यले स्थापित समितिको ५४औं वार्षिकोत्सवका अवसरमा बीमा क्षेत्रको समग्र विकास एवं विस्तार मार्फत आगामी १० वर्षमा वित्तीय क्षेत्रमा बीमा क्षेत्रलाई अग्रस्थानमा पुर्याउने गरी आ-आफ्ना क्षेत्रबाट योगदान पुर्याउन सरोकारवाला सबैमा आग्रह गर्दै समग्र बीमा क्षेत्रको संस्थागत सुशासनमा समिति निरन्तर लागिरहने उनले प्रतिबद्धता व्यक्त गरेका छन् ।

## 'ह्वावे डिजिटल नेपाल कन्क्लेभ इन एसोसिएसन विथ इन्फोडेभलपर्स' आयोजना हुने



**काठमाडौं/मस –** आगामी असार पहिलोसाता 'ह्वावे डिजिटल नेपाल कन्क्लेभ इन एसोसिएसन विथ इन्फोडेभलपर्स' आयोजना हुने भएको छ । डिजिटल रुपान्तरण सम्बन्धि कार्यक्रमाम १५ भन्दा बढी सेसनहरु समावेश हुने आयोजक आइसिटी फाउण्डेशन नेपालले जनाएको छ। आइसिटी फाउण्डेशन नेपालको आयोजनामा असार पहिलोसाता दुई दिने ह्वावे डिजिटल नेपाल कन्क्लेभ २०२२ इन एसोसिएसन विथ इन्फोडेभलपर्स आयोजना हुने भएको हो । असार ४ र ५ गते द सोल्टी काठमाडौंमा आयोजना हुने कन्क्लेभमा प्रसिद्द अन्तरास्ट्रिय कम्पनि 'ह्वावे' कार्यक्रमको शिर्ष प्रायोजक र नेपालको सफ्टवेयर क्षेत्रको अग्रणी कम्पनि 'इन्फोडेभलपर्स' इन एसोसिएसनको रुपमा रहेका छन्। कन्क्लेभमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट ६० बढि वक्ता र ७०० बढी विशिष्ट व्यक्ति तथा विज्ञहरुको सहभागिता रहने आयोजकले जनाएको छ ।

'डिजिटल रुपान्तरणको लागि डिजिटल नेपाल' कन्क्लेभको नारा सहित आयोजना हुने यस कार्यक्रममा विभिन्न १५ बढी महत्वपूर्ण सेसनहरु रहने छन् । कार्यक्रममा डिजिटल नेपालको एजेण्डा र अवधारणाहरुमा वृहत छलफल हुनेछ। नेपाल सरकारले रुपान्तरणकारी परियोजनाको रुपमा अघि बढाएको डिजिटल नेपाल फ्रेमवर्कलाई कसरी प्रभावकारी ढंगले कार्यान्वयनमा लान सकिन्छ भन्ने सन्दर्भमा कन्क्लेभ केन्द्रित रहने आयोजकले जनाएको छ । यस कार्यक्रममा डिजिटल नेपालको अभियान, डिजिटल रुपान्तरणको प्रयास, नविनतम प्रविधिहरु र यसका अभ्यासहरुसँग जोडेर सार्न्दभिक बहसहरु सञ्चालन गरिने आयोजक आइसिटी फाउण्डेशन नेपालका अध्यक्ष राजन लम्सालले बताए। कार्यक्रमको शिर्ष प्रायोजक ह्वावे विश्वका १७० भन्दा बढी देशहरु दुरसञ्चार तथा नविनतम प्रविधिहरुको इन्नोभेसन, विकास तथा विस्तार गरिरहेको नेतृत्वदायी कम्पनी हो, जसले विश्वभरि तीन अर्ब भन्दा बढी मानिसहरूलाई सेवा प्रदान गरिरहेको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ